मधेशदृष्टिमा
विज्ञापनका लागि
सम्पर्क नं.:
9854028218
9802592799
9803474311
9817806395

नजर हमर


राष्ट्रिय दैनिक

# मधेशदृष्टि

Madheshdristi National Daily

www.emadheshdristi.com

## राजनीति परिवर्तनले मात्र युगका अपेक्षा पूरा हुँदैनन्: राष्ट्रपति



बाँकी पृष्ठ ५ मा

● वर्ष ४ ● अंक १९१ ● २०८३ साल जेष्ठ १६ गते शनिबार ● Saturday 30, May 2026 ● सूर्योदय: बिहान ०५:१२ बजे ● सूर्यास्त: साँझ ०६:५३ बजे ● पृष्ठ ८ ● मूल्य रु. ५/-

## मधेश सरकारको नीति तथा कार्यक्रम:

# कृषि, रोजगारी र सुशासन केन्द्रित

**मधेशदृष्टि**
**जनकपुरधाम।**

मधेश सरकारले आगामी आर्थिक वर्ष २०८३/८४ का लागि कृषि उत्पादन वृद्धि, रोजगारी सिर्जना, पूर्वाधार विस्तार, स्वास्थ्य–शिक्षा सुधार र डिजिटल सुशासनलाई केन्द्रमा राख्दै महत्वाकांक्षी नीति तथा कार्यक्रम सार्वजनिक गरेको छ। प्रदेश प्रमुख डा. सुरेन्द्र लाभले प्रदेश सभामा प्रस्तुत गरेको नीति तथा कार्यक्रममा 'समृद्ध मधेश निर्माण'लाई मुख्य लक्ष्यका रूपमा अघि सारिएको छ।

प्रदेश सरकारले कृषि, उद्योग र पर्यटनलाई आर्थिक विकासको मुख्य आधार मानेको छ। 'मेड इन मधेश, समृद्ध प्रदेश' र 'उत्पादनशील मधेश, आत्मनिर्भर देश' अभियानमार्फत कृषि उत्पादन वृद्धि गरी खाद्यान्न आयात घटाउने र निर्यात प्रवद्र्धन गर्ने नीति लिइएको छ। सरकारका अनुसार धान, गहुँ, मकै, कोदो, तेलहन र दलहन बालीको बीउमा प्रदेशलाई आत्मनिर्भर बनाउन 'बीज प्रवद्र्धन परियोजना' सञ्चालन गरिनेछ।

प्रदेशको पहिचानका रूपमा रहेको मखान खेतीलाई व्यावसायिक बनाइने, प्रशोधन, प्याकेजिङ र ब्रान्डिङमा संलग्न किसान तथा उद्यमीलाई विशेष प्रोत्साहन दिइने नीति लिइएको छ। माछापालन तथा मत्स्य व्यवसायलाई पनि आधुनिक प्रविधिसँग जोड्दै मूल्य श्रृंखलामा आधारित कार्यक्रम सञ्चालन गरिने उल्लेख गरिएको छ।

कृषि क्षेत्रको लागत घटाउन र उत्पादकत्व बढाउन सरकारले सिँचाइ क्षेत्रमा विशेष योजना अघि सारेको छ। सिँचाइमा प्रयोग हुने विद्युत् महसुलमा शतप्रतिशतसम्म अनुदान दिने, नयाँ सिँचाइ प्रविधि विस्तार गर्ने तथा 'सौर्य सिँचाइ प्रवद्र्धन कार्यक्रम' लागू गरी साना किसानलाई सोलार पम्प खरिदमा अनुदान उपलब्ध गराइने भएको छ।

प्रदेश सरकारले कृषकलाई प्रत्यक्ष अनुदान दिने व्यवस्था पनि घोषणा गरेको छ। वास्तविक उत्पादनका आधारमा किसानको बैंक खातामा सिधै अनुदान रकम जम्मा गरिने तथा कृषि बीमामा थप अनुदान दिइने नीति कार्यक्रममा उल्लेख छ।

स्थानीय उत्पादन बजार नपाएर खेर जाने समस्या अन्त्य गर्न प्रत्येक स्थानीय तहमा कृषि सङ्कलन केन्द्र, कोल्ड रुम र दूध चिस्यान केन्द्र स्थापना गरिने भएको छ। कृषि एम्बुलेन्स तथा चिस्यानयुक्त ढुवानी साधन सञ्चालन गर्न सहकारी र निजी क्षेत्रलाई विशेष अनुदान दिने योजना सरकारले अघि सारेको छ।

बाँझो जमिनलाई उत्पादनमा ल्याउन 'प्रदेश भूमि बैंक' अवधारणा अघि बढाइने भएको छ। सहकारी वा चक्लाबन्दीमार्फत सामूहिक खेतीलाई प्रोत्साहन गरिने सरकारको योजना छ।

रोजगारी सिर्जनालाई प्राथमिकतामा राख्दै सरकारले 'आफ्नै प्रदेश, आफ्नै रोजगारी' अभियान सञ्चालन गर्ने घोषणा गरेको छ। कम्तीमा एक हजार जनालाई रोजगारी दिने उद्योगी तथा रोजगारदातालाई 'रोजगारदाता सम्मान' प्रदान गरिने नीति लिइएको छ।

उद्योग तथा लगानी प्रवद्र्धनका लागि प्रदेशस्तरीय 'एकद्वार उद्योग तथा लगानी सेवा केन्द्र' स्थापना गरिने भएको छ। नयाँ उद्योग स्थापना गर्ने लगानीकर्तालाई कर छुट, जग्गा रजिस्ट्रेशन शुल्कमा सहुलियत तथा सुरक्षा प्रत्याभूति दिने घोषणा गरिएको छ। साथै 'प्रादेशिक लगानी सम्मेलन' आयोजना गरी प्रत्यक्ष वैदेशिक लगानी भित्र्याउने योजना पनि सरकारले बनाएको छ।

युवालाई डिजिटल अर्थतन्त्रसँग जोड्न सरकारले ठूलो योजना अघि सारेको छ। डिजिटल सीप, फ्रिलान्सिङ, आउटसोर्सिङ र ई–कमर्स तालिममार्फत कम्तीमा एक लाख नयाँ डिजिटल उद्यमी तयार गर्ने लक्ष्य राखिएको छ। वैदेशिक रोजगारीबाट फर्किएका युवाको सीप परीक्षण गरी उत्पादनशील क्षेत्रमा जोड्न 'डिजिटल सीप पासपोर्ट' प्रणाली लागू गरिने भएको छ।

शिक्षा क्षेत्रमा सामुदायिक विद्यालयलाई प्रविधिमैत्री बनाउने नीति लिइएको छ। विद्यालयमा स्मार्ट बोर्ड जडान, शिक्षकलाई स्टीम आधारित तालिम, विद्यालय नर्स कार्यक्रम विस्तार तथा आवासीय नमुना विद्यालय सञ्चालन गरिने योजना सरकारले अघि सारेको छ।

स्वास्थ्य क्षेत्रमा मातृ–शिशु स्वास्थ्य, पूर्ण खोप, पोषण कार्यक्रम तथा मानसिक स्वास्थ्य सेवामा जोड दिइएको छ। प्रादेशिक अस्पतालमा ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति र एकल महिलाका लागि विशेष सेवा सुरु गरिने भएको छ। मानसिक स्वास्थ्य उपचार कक्ष स्थापना गर्ने तथा विद्यालय र समुदाय स्तरमै मनोसामाजिक परामर्शदाता राख्ने योजना पनि सरकारको छ।

मधेश प्रदेशमा बढ्दो साइबर अपराध र अनलाइन ठगी नियन्त्रण गर्न 'साइबर सुरक्षा सचेतना कार्यक्रम' सञ्चालन गरिने भएको छ। महिला, बालबालिका र युवालाई डिजिटल जोखिमबाट जोगाउन प्राविधिक क्षमता विकासका कार्यक्रम सञ्चालन गरिने नीति कार्यक्रममा उल्लेख छ।

सांस्कृतिक तथा धार्मिक पर्यटनलाई पनि सरकारले प्राथमिकतामा राखेको छ। जनकपुरधामस्थित जानकी मन्दिर लाई विश्व सम्पदा सूचीमा सूचीकृत गर्न पहल गरिने तथा जनकपुरलाई अन्तर्राष्ट्रिय 'वेडिङ डेस्टिनेसन'का रूपमा विकास गरिने भएको छ।

लुम्बिनी, जनकपुरधाम, रामधुनी र भारतको अयोध्या तथा सीतामढीलाई जोड्ने 'क्रस–बोर्डर टुरिजम' प्याकेज सञ्चालन गरिने सरकारको योजना छ।

पूर्वाधार विकासतर्फ प्रदेश गौरवका आयोजनालाई प्राथमिकता दिइने भएको छ। सडक, पुल, सिंचाइ, खानेपानी तथा बहुवर्षीय आयोजनालाई निरन्तरता दिइने तथा अधुरा आयोजना सम्पन्न गर्न विशेष ध्यान दिने सरकारको घोषणा छ। दुधमती, बागमती, कमला लगायत नदीमा तटबन्ध निर्माण, बाढी नियन्त्रण तथा नदी व्यवस्थापन कार्यक्रम सञ्चालन गरिनेछ। भूमिगत जलस्रोत संरक्षण, वर्षाको पानी सङ्कलन तथा चुरे संरक्षण कार्यक्रमलाई पनि प्राथमिकता दिइएको छ।

सरकारले विद्युतीय सवारी साधन प्रवद्र्धन गर्ने नीति पनि अघि सारेको छ। सरकारी तथा निजी प्रयोजनका लागि विद्युतीय सवारी खरिदलाई प्रोत्साहन गर्ने र सार्वजनिक–निजी साझेदारीमा चार्जिङ स्टेशन स्थापना गरिने उल्लेख गरिएको छ।

सुशासनतर्फ सरकारले 'पेपरलेस, क्यूलेस र फेसलेस' सेवा प्रणाली लागू गर्ने घोषणा गरेको छ। प्रदेश तथा स्थानीय तहका सेवा एकीकृत अनलाइन प्रणालीमार्फत उपलब्ध गराइने र 'नमस्ते मधेश एप' तथा 'हेलो सीएम' पोर्टललाई गुनासो व्यवस्थापन प्रणालीका रूपमा विकास गरिने भएको छ।

भ्रष्टाचार नियन्त्रणका लागि 'शून्य सहनशीलता' नीति अवलम्बन गर्ने सरकारको घोषणा छ। सार्वजनिक सेवा प्रवाह, खरिद प्रक्रिया र विकास आयोजनालाई पारदर्शी तथा प्रविधिमैत्री बनाइने नीति कार्यक्रममा उल्लेख गरिएको छ।

साथै, अनुत्पादक खर्च कटौती, मन्त्रालयहरूको संरचना पुनरावलोकन तथा 'राइटसाइजिङ' मार्फत प्रदेश सरकारको सञ्चालन खर्च न्यूनतम बनाइने सरकारले जनाएको छ।

# २१ खर्ब १४ अर्बको ३४ करोड

## रुपैयाँको बजेट प्रस्तुत



**मधेशदृष्टि**
**वीरगंज।**

संघीय सरकारले आर्थिक वर्ष २०८३–८४ को लागि सार्वजनिक गरेको गरेको छ। अर्थमन्त्री डा. स्वर्णिम वाग्लेले संसद्को संयुक्त सदनमा शुक्रबार दिउँसो ४ बजे बजेट प्रस्तुत गरेका हुन्। सरकारले अनावश्यक खर्च कटौती, निजी क्षेत्रको प्रवद्र्धन, वित्तीय अनुशासनको परिपालनासहित सुशासन, आर्थिक पुनः संरचना तथा समृद्धि, एकीकृत पूर्वाधार, लगानी आकर्षण तथा प्रवद्र्धन, पूर्वाधार विकास, डिजिटल प्रविधि, रोजगारी र उत्पादनलाई प्राथमिकता दिएको छ। प्रस्तुत बजेटमा सरकारले नेपाल टेलिकममा सरकारको ६६ प्रतिशत मात्रै सेयर राखी बाँकी जनस्तरमा बिक्री गर्ने घोषणा गरेको छ।

त्यसैगरी गैरआवासीय नेपालीलाई पनि धितो बजारमा सहभागी गराइने, वैदेशिक लगानी आकर्षित गर्न लगानी संरक्षण दोहोरो कर मुक्ति सम्झौता गरिने, २ करोड रुपैयाँसम्म लगानी गर्ने कृषकलाई सरकारले ४० प्रतिशत प्रोत्साहन अनुदान दिने, विद्युत डिमान्ड शुल्कमा पुनरावलोकन गरी महसुलमा छुट दिने, सामाजिक सुरक्षा भत्ता सक्नेले छोडौँ, नसक्नेलाई जोडौँ अभियान सुरु गर्ने, महिलाको लागि ब्लुबस सञ्चालन गर्ने घोषणा गरिएको छ।

यसैगरी बजेट वक्तव्यमा एक वर्षभित्र एक हजार ४० मेगावाट विद्युत उत्पादन गर्ने लक्ष्य लिएको छ भने राष्ट्रिय दलहरूलाई अनुदान दिन छलफल चलाउने भएको छ। अस्पतालमा नर्सको रात्री ड्युटीलाई दोब्बर भत्ताको व्यवस्था गरिने, जेन्जी आन्दोलनका घाइतेलाई निःशुल्क उपचार र मासिक भत्ताको व्यवस्था गर्ने, अन्तर्राष्ट्रिय पदक जित्ने खेलाडीलाई अवकाशपछि आजीवन निःशुल्क स्वस्थ्य उपचार सेवा दिने, सात प्रदेशका सरकारी अस्पताललाई विशिष्टीकरण गर्ने, भूमिहीन सुकुम्वासीलाई एक वर्षभित्र व्यवस्थापन गर्ने, सडक बालबालिकामुक्त मुलुक घोषणा गर्ने, कर्मचारीको तलब २१ प्रतिशत बढाउने र प्रोत्साहन खर्च १० प्रतिशत दिने, जग्गा रोक्का, फुक्का र बिक्रीको अधिकार स्थानीय तहलाई दिने घोषणा गरिएको छ।

यसैगरी बजेटमार्फत दिगो आर्थिक सुशासनका लागि रूपान्तरण ल्याउने अर्थमन्त्री डा. वाग्लेद्वारा प्रस्तुत बजेटमा उल्लेख छ। आगामी वर्षको बजेटलाई रूपान्तरणको प्रस्थानविन्दु बनाएर आउने पाँच वर्षसम्म सुधारका कार्यक्रम व्यवस्थित गर्ने घोषणा गरिएको छ। अर्थमन्त्री डा. वाग्लेले बजेट मुलुकमा राजनीतिक अस्थिरताको दुश्चक्र समाप्त पार्ने दिसामा केन्द्रित भएको बताएका छन्। मुलुक अहिले वृहत आर्थिक सुधारको निर्णायक मोडमा उभिएको र राजनीतिक अस्थिरताको दुश्चक्र समाप्त भएको दाबी गरिएको छ।

- **द्रूतमार्गलाई १७ खर्ब ६४ करोड बजेट**

सरकारले काठमाडौँ–तराई–मधेश द्रूतमार्गका लागि १७ अर्ब ६४ करोड रुपैयाँ बजेट विनियोजन गरेको छ।

सङ्घीय संसद्को संयुक्त बैठकमा आज आगामी आर्थिक वर्ष २०८३÷८४ को राजस्व र व्ययको वार्षिक अनुमान (बजेट) प्रस्तुत गर्दै अर्थमन्त्री डा. स्वर्णिम वाग्लेले आगामी आवमा ४० पुल र ५.४ किलोमिटर सुरुङ निर्माण गर्ने लक्ष्य लिइएको बताए।

आगामी आर्थिक वर्षमा द्रूतमार्गको लिङ्क रोड निर्माण सुरु गरिने बजेट वक्तव्यमा उल्लेख छ।

- **चुरोटमा १० प्रतिशत कर वृद्धि**

सरकारले सुर्तीजन्य पदार्थमा लाग्ने कर बृद्धि गरेको छ। अर्थमन्त्री डा. स्वर्णिम वाग्लेले आगामी वर्ष २०८३–८४ को बजेट सङ्घीय संसद्को संयुक्त बैठकमा शुक्रबार प्रस्तुत गर्दै चुरोटमा १० प्रतिशत अन्तःशुल्क निर्धारण गरेको जानकारी दिए। यो बढेसँग अब नेपालमा सुर्तीजन्य पदार्थको करको दर ५१ प्रतिशत पुगेको छ। यसअघि नेपालमा अहिले सुर्तीजन्य पदार्थमा ४१ प्रतिशत मात्र कर लाग्ने गरेको थियो।

हाल विश्व स्वास्थ्य सङ्गठनले ७५ प्रतिशतसम्म सुर्तीजन्य पदार्थमा करको दर सिफारिस गरेको छ।

- **विद्युतीय सार्वजनिक बस सञ्चालनमा जोड**

सरकारले विद्युतीय सार्वजनिक बस सञ्चालनमा जोड दिएको छ। शुक्रबार प्रस्तुत आगामी आर्थिक वर्षको बजेटमा उपत्यकालगायत ठूला सहरमा विद्युतीय सार्वजनिक बस सञ्चालनमा जोड दिने उल्लेख छ।

'काठमाडौँ उपत्यकामा विद्युतीय सार्वजनिक बस सञ्चालन, चार्जिङ स्टेसन, ट्र्याकिङ प्रणाली, स्मार्ट बसपार्क, सुदृढ संस्थागत व्यवस्थासहितको स्मार्ट अर्बन मोबिलिटी कार्यक्रम सुरुआत गर्नेछौँ। पोखरा उपत्यकामा पनि सार्वजनिक बसलाई विद्युतीय बसले प्रतिस्थापन गर्न ई–मोबिलिटी सेवा छिट्टै सुरुआत गर्नेछौँ,' अर्थमन्त्री डा. स्वर्णिम वाग्लेले भने।

'काठमाडौँ, २०४० को दीर्घकालीन योजना कार्यान्वयन सुरु गर्नेछौँ। काठमाडौँ उपत्यकाको समग्र सहरी सेवा व्यवस्थापनका लागि अन्डरपास, फ्लाइओभर, इन्टरसेक्सन सुधार, नदी करिडोरको पूर्वाधार, पार्क निर्माण, फोहोरमैला व्यवस्थापन, युटिलिटी डक्ट, विद्युतीय तार भूमिगत गर्ने सहितको एकीकृत पूर्वाधार बनाइने छ,' उनले भने।

प्रदेश र स्थानीय तहसँगको सहकार्यमा वित्तीय प्रोत्साहनसहित खुला क्षेत्रको संरक्षण र विस्तारका लागि विशेष पहल लिने बजेट वक्तव्यमा उल्लेख छ।

बजेट वक्तव्यअनुसार सफा सहर, सहज यातायात र सुरक्षित सडक चलायमान अर्थतन्त्रको अभिन्न अङ्ग बनाइने र सडक, यातायात, खानेपानी, सरसफाइ र आर्थिक पहुँच पूर्वाधारलाई एकीकृत रुपमा विकास गर्ने सरकारको लक्ष्य छ। 'आगामी पाँच वर्षभित्र सबै जिल्ला सदरमुकाम जोड्ने सडक तथा पुलको स्तरोन्नति गर्नेछौँ,' अर्थमन्त्रीले भने, 'यात्रा सुरक्षा र सडकस्तर सुधार गरी दुर्घटनाबाट हुने मानवीय क्षतिलाई न्यूनीकरण गरिने छ।'

विकास र वातावरणबीच द्वन्द्व हैन सामञ्जस्य स्थापित गर्नेतर्फ सरकार सचेष्ट रहने बजेट वक्तव्यमा उल्लेख छ। 'यसका लागि वातावरण संरक्षण ऐन, २०७६ र वन ऐन, २०७६ परिमार्जन गरिनेछ, स्वीकृत वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदनमा उल्लिखित वनको क्षेत्रफल वा कटान हुने रूखको संख्या घटेको अवस्थामा पूरक वातावरणीय प्रभाव मूल्याङ्कन गर्न नपर्ने व्यवस्था गर्नेछौँ,' मन्त्री वाग्लेले भने, 'वन क्षेत्रको स्वीकृति र रूख कटानको आदेशसम्मका निर्णयको बहु–श्रृङ्खलालाई उल्लेख्य रुपमा घटाउनेछौँ।'

# दशवटा कैदी सवारी साधन उपहार




**मधेशदृष्टि**
**जनकपुरधाम।**

भारत सरकारले नेपाललाई दशवटा कैदी सवारी साधन उपहार दिएको छ। भारतीय महावाणिज्य दूतावास वीरगंजका महावाणिज्यदूत देवी सहाय मीनाले पर्साका प्रमुख जिल्ला अधिकारी भोला दाहाललाई साँचो हस्तान्तरण गरे।

भारतीय महावाणिज्य दूतावासका महावाणिज्यदूत मीनाले नेपाल र भारतको सम्बन्ध त्रेता युगदेखिको रहेको बताए।

यद्यपि तिनीहरू दुई राष्ट्र हुन्, तिनीहरूको सभ्यता र संस्कृति समान छ। भारतले नेपाललाई शिक्षा, स्वास्थ्य, यातायात र पिउने पानीमा सहयोग गरिरहेको छ।

पर्साका प्रमुख जिल्ला अधिकारी दाहालले सहयोगको लागि कृतज्ञता व्यक्त गरे।

यसअघि मार्चमा भएको चुनावमा नेपालले ६ सय ४० वटा एसयूभी, पिकअप ट्रक र ट्रक उपहार दिएको थियो।

# भारत सरकारद्वारा परिक्रमा मार्ग बन्द



**मिश्री लाल मधुकर**
**जनकपुरधाम।**

आतंकवादी गतिविधि रोक्न र तस्करी रोक्न भारत सरकारले नेपालको सीमामा विभिन्न ठाउँमा काँडेतारले बार लगाइरहेको छ। यो निर्णय दुई देशबीचको आपसी सहमतिपछि गरिएको हो।

तर, नेपालका १ करोड ५० लाख मधेशी जनताको बिहार, उत्तर प्रदेश, उत्तराखण्ड, पश्चिम बंगाल र सिक्किमसँग शताब्दीयौँदेखि रोटी र मक्खनको सम्बन्ध रहेको छ।

सन १८१६ मा सुगौली सन्धी हुनुभन्दा पहिले उत्तरी बिहारको अधिकांश भूभाग नेपाल भित्र थियो। भारतले गरेको यो नाकाबन्दीले खसवादी मानसिकता भएको खस सरकारलाई राम्रो अवसर प्रदान गरेको छ। नाकाबन्दी भारत सरकारले गरिरहेको हुनाले, मधेशी दलहरू र मधेशी जनताले सरकारको विरोध गर्न सक्दैनन्।

काँडेतारले एक प्रकारले नेपालका मधेशी जनताबीच रोटी र मक्खनको सम्बन्धलाई अन्त्य गर्नेछ। पहिले, सीमाका दुवै तर्फका मानिस सुख–दुःखमा एकअर्काको ढाल बनेर उभिन्थे।

दुवै देशका नागरिकले बजारमा तरकारी र अन्य सामान किन्ने र बेच्ने गर्थे।

यसबीचमा, मधुबनी जिल्लाको कमलाबर पट्टीको खौना नजिकै पहाडी खोलामा रहेको साँघुरो पुल नेपाल र भारतका दर्जनौँ गाउँहरू बीचको सजिलो बाटो थियो। गृह मन्त्रालयको पहलमा एसएसबीले यसलाई बन्द गरेको छ।

यो बाटो मिथिलाको चौरासी कोसी परिक्रमाको लागि मुख्य बाटो हो।

औरहीपछि, परिक्रमा डोला र एक लाखभन्दा बढी भक्तजन यस बाटोबाट गुज्रन्छन्।

औरहीपछि, डोला करुणामा रोकिन्छ। यसको अवरोधले परिक्रमाको आस्थामा पनि शंका उत्पन्न गरेको छ। दुवै देशका नागरिक चिन्तित छन्। जानकी मन्दिरका उत्तराधिकारी महन्त राम रोशन दास वैष्णव, जनकपुरधामका मेयर मनोजकुमार साह, जनकपुरधाम उद्योग वाणिज्य संघका अध्यक्ष सुरेन्द्र भण्डारीलगायत हिन्दू संघ संगठनले चिन्ता व्यक्त गरेका छन्।

# भारतीय केरा प्रतिबन्धपछि नेपाली बजारमा मूल्यवृद्धि, उपभोक्ता मारमा



**मधेशदृष्टि**
**वीरगंज।**
नेपाल सरकारले भारतबाट आयात हुने केरामा रोक लगाएपछि नेपाली बजारमा केराको मूल्य अस्वाभाविक रूपमा बढ्न थालेको भन्दै उपभोक्ताहरूले गुनासो गरेका छन् । केही समयअघिसम्म भारतीय केरा प्रतिदर्जन ५० देखि १०० रुपैयाँसम्ममा सहजै उपलब्ध हुने गरेकामा अहिले स्वदेशी केरा २०० देखि ३०० रुपैयाँसम्ममा बिक्री हुन थालेपछि आम उपभोक्ता प्रत्यक्ष मारमा परेका हुन्।
सरकारले भारतीय केराको आयात रोक्नुको उद्देश्य स्थानीय किसानलाई बजार सुनिश्चित गर्नु र स्वदेशी उत्पादनलाई प्रोत्साहन गर्नु रहेको बताएको छ । तर यसको असर बजारमा उल्टो रूपमा देखिन थालेको उपभोक्ताहरूको भनाइ छ। सस्तो मूल्यमा पाइने आयातित केरा हटेपछि नेपाली केराको मूल्य अत्यधिक बढेको भन्दै सर्वसाधारणले चिन्ता व्यक्त गरेका छन् । उपभोक्ताहरूका अनुसार स्थानीय उत्पादनमा भन्सार शुल्क नलाग्ने भए पनि बजारमा नेपाली केराको मूल्य झन् महँगो हुनु बजार व्यवस्थापनको कमजोरीको संकेत हो । 'स्वदेशी उत्पादन भएकाले मूल्य सस्तो हुनुपर्ने हो, तर बजारमा उल्टै अत्यधिक महँगोमा बिक्री भइरहेको छ,' उपभोक्ताहरूले बताएका छन्।
बजार विश्लेषकहरूका अनुसार प्रतिस्पर्धा घटेपछि व्यापारीहरूले मनपरी मूल्य निर्धारण गर्ने अवस्था सिर्जना भएको हुन सक्छ। यसको प्रत्यक्ष असर दैनिक उपभोग्य वस्तुको मूल्यमा परेको छ भने बढ्दो महँगीले सर्वसाधारणको आर्थिक भार थप बढाएको छ । केरामा मात्र होइन, अन्य उपभोग्य सामग्रीमा समेत यस्तै प्रकारको मूल्यवृद्धि देखिन थालेको भन्दै उपभोक्ताहरूले सरकारसँग प्रभावकारी बजार अनुगमनको माग गरेका छन् । उनीहरूले अत्यधिक मूल्यवृद्धि नियन्त्रण गर्न मूल्य सीमा निर्धारण गरी उपभोक्तालाई राहत दिनुपर्ने आवश्यकता औंल्याएका छन्।
निरन्तर बढिरहेको महँगीका कारण दैनिक खर्च धान्नसमेत कठिन बन्दै गएको गुनासो गर्दै उपभोक्ताहरूले बजार नियन्त्रण र मूल्य स्थिरताका लागि सरकारले तत्काल ठोस कदम चाल्नुपर्ने बताएका छन्।

# गणतन्त्र दिवसको अवसरमा 'भूमिहीन सुकुम्बासी मार्च'

**मधेशदृष्टि**
**वीरगंज।**
गणतन्त्र दिवसको सन्दर्भ पारेर भूमिहीन सुकुमबासी तथा अव्यवस्थित बसोबासीले 'भूमिहीन सुकुमबासी मार्च' गरेका छन् । विकल्पविना राज्यले चलाएको संवेदनाहीन डोजर आतङ्क र उठीबासविरुद्ध उनीहरूले सडक प्रदर्शन गरेका हुन्।
विभिन्न नारा लगाउँदै मार्चमा सहभागीहरूले सरकारको विरोध गरेका छन् । संयुक्त राष्ट्रिय सुकुमबासी, नागरिक आन्दोलन र जेनजी मुभमेन्ट अलायन्सले संयुक्त रूपमा उक्त मार्चको आयोजना गरेका हुन् । आफ्नो थातथलोबाट विकल्पविना हटाउन खोजिएको भन्दै विरोधमा उत्रिएका उनीहरूको मार्च यति वेला माइतीघरबाट सुरु भई बिजुलीबजार हुँदै नयाँ बानेश्वरसम्म पुगेको काठमण्डौ स्थित हाम्रो सहकर्मीले बताएको छ।
प्रदर्शनकारीहरूले राज्यले आफूहरूमाथि अमानवीय व्यवहार गरेको भन्दै तत्काल उचित विकल्पसहितको व्यवस्थापन गर्न माग गरेका छन्।

# अन्तर्राष्ट्रिय सगरमाथा दिवस मनाइयो




**मधेशदृष्टि**
**वीरगंज।**
शुक्रबार विश्वको सर्वोच्च शिखर सगरमाथामा पहिलो पटक आरोहण गरेको दिन अर्थात् अन्तर्राष्ट्रिय सगरमाथा दिवस, विभिन्न कार्यक्रम आयोजना गरी यो दिवस भव्य रूपमा मनाइएको छ।
सन् १९५३ मे २९ तारिखका दिन नेपाली तेन्जिङ नोर्गे शेर्पा र न्युजिल्यान्डका सर एडमन्ड हिलारीले पहिलो पटक सगरमाथाको शिखरमा पाइला टेकी विश्वलाई मानवीय साहस र क्षमताको ऐतिहासिक परिचय दिएका थिए। त्यही दिनलाई स्मरण गर्दै हरेक वर्ष मे २९ का दिन अन्तर्राष्ट्रिय सगरमाथा दिवस मनाउन थालिएको हो।
सगरमाथा नेपालका लागि केवल हिमाल मात्र नभई राष्ट्रिय गौरव, पर्यटन विकास र अन्तर्राष्ट्रिय पहिचानको प्रतीकका रूपमा स्थापित छ । पर्यटन विभागका अनुसार आठ हजारभन्दा बढीले सगरमाथाको सफल आरोहण गरिसकेका छन्। विश्वका १४ वटा अग्ला हिमालमध्ये आठ वटा नेपालमा छन्।

# दश महिनामा ८८ अर्ब बराबरको निर्यात

**वीरगंज।**
चालु आर्थिक वर्षको प्रथम १० महिनामा रु ८८ अर्ब २२ करोड बराबरका वस्तु तथा सामान निर्यात भएका छन् । गत आवको सोही अवधिमा रु ८३ अर्ब २५ करोड बराबरका वस्तु तथा सेवा निर्यात भएका वीरगञ्ज भन्सार कार्यालयका सूचना अधिकारी उदयसिंह विष्टले जानकारी दिए।
चालु आवको १० महिनामा रु ४८ अर्ब ११ करोड बराबरको भटमासको प्रशोधित तेल, रु पाँच अर्ब ३५ करोडको प्रशोधित सूर्यमुखी तेल तथा रु छ अर्ब ४२ करोड बराबरको फलफूलको रस निर्यात भएको छ। यसैगरी, रु तीन अर्ब तीन करोडका कपडा तथा रु दुई अर्ब २५ करोड बराबरको 'सिन्थेटिक यार्न' निर्यात भएको छ।

# सूचना तथा सञ्चार क्षेत्रका लागि पाँच अर्ब ९३ करोड बजेट



**काठमाडौँ।**
आगामी आर्थिक वर्ष २०८३÷८४ को बजेटमार्फत सरकारले सूचना तथा सञ्चार क्षेत्रको संरचनात्मक सुधार, डिजिटल पूर्वाधार विस्तार र सञ्चार सेवाको पहुँच वृद्धि गर्ने घोषणा गरेको छ । सरकारले सूचना तथा सञ्चार क्षेत्रका लागि आगामी आवका लागि कुल रु पाँच अर्ब ९३ करोड विनियोजन गर्दै दूरसञ्चार, सामाजिक सञ्जाल नियमन, सुरक्षित मुद्रण र लोककल्याणकारी विज्ञापनलाई प्राथमिकतामा राखेको हो।
सरकारले आगामी वर्षभित्र दूरसञ्चार क्षेत्रको नियामकीय संरचनालाई परिमार्जन गर्न दूरसञ्चार प्राधिकरणसम्बन्धी विधेयक संसद्मा पेस गर्ने घोषणा गरेको छ। बजेट वक्तव्यअनुसार नवीनतम् प्रविधिको प्रयोगलाई तीव्रता दिँदै गुणस्तरीय दूरसञ्चार सेवाको पहुँच विस्तार गरिनेछ । विशेषगरी भौगोलिक विकटता र कमजोर नेटवर्क समस्याबाट प्रभावित कर्णाली र सुदूरपश्चिम प्रदेशमा गुणस्तरीय टेलिफोन सेवा तथा नेटवर्क विस्तारलाई प्राथमिकतामा राखिएको छ।
सूचना तथा सञ्चार पूर्वाधारसँगै सरकारी मुद्रण प्रणालीमा समेत पुनर्संरचनाको घोषणा गरिएको छ । हाल विभिन्न निकायमार्फत सञ्चालन हुँदै आएका सरकारी मुद्रणसम्बन्धी संरचनालाई एकीकृत गर्दै सुरक्षित मुद्रण संस्था स्थापना गर्ने सरकारको योजना छ । यस कदमले सरकारी मुद्रण प्रणालीलाई व्यवस्थित बनाउने तथा संवेदनशील दस्तावेजको सुरक्षा सुदृढ गर्ने अपेक्षा गरिएको छ।
डिजिटल अर्थतन्त्र विस्तारलाई जोड दिँदै सरकारले नेपालमा दर्ता भएका सामाजिक सञ्जालमार्फत व्यावसायिक गतिविधि विस्तार गर्न प्रोत्साहन गर्ने नीति अघि सारेको छ । यसलाई सामाजिक सञ्जाल प्लेटफर्मलाई औपचारिक दायरामा ल्याउने र डिजिटल बजारलाई कर तथा नियमनको संरचनाभित्र समेट्ने प्रयासका रूपमा हेरिएको छ।
सञ्चारमाध्यमको आर्थिक सुदृढीकरणका लागि सरकारले छापा तथा विद्युतीय सञ्चारमाध्यममार्फत प्रवाह हुने लोककल्याणकारी विज्ञापनका लागि रु ३३ करोड विनियोजन गरेको छ। रासस

# ऊर्जा क्षेत्रलाई बजेटमा विशेष प्राथमिकता, निजी क्षेत्रलाई विद्युत् बिक्रीको अनुमति

**काठमाडौँ।**
सरकारले आगामी आर्थिक वर्षको बजेटमा ऊर्जा क्षेत्रलाई विशेष प्राथमिकतामा राखेर बजेट विनियोजन गरेको छ । मुलुकको अर्थतन्त्रको प्रमुख आधारस्तम्भका रुपमा रहेको ऊर्जा क्षेत्रलाई बजेटमार्फत विशेष प्राथमिकतामा राखेर योजना अगाडि सारिएको छ।



सङ्घीय संसद्को संयुक्त बैठकमा आगामी आर्थिक वर्षको बजेट प्रस्तुत गर्दै अर्थमन्त्री डा. स्वर्णिम वाग्लेले निर्माणाधीन प्रसारण लाइन तथा सबस्टेशन निर्माण सम्पन्न गर्न ७० अर्ब रुपैयाँ बराबरको बजेट विनियोजन गरिएको जानकारी दिए।
यस्तै, लगानी बोर्डमार्फत करिब तीन हजार मेगावाटका आयोजना विकास गर्न आवश्यक सहजीकरण गरिने उनले घोषणा गरे।
आगामी वर्ष जलविद्युत् आयोजनाबाट ६ सय ७० मेगावाट र सौर्य आयोजनाबाट ३ सय ७० मेगावाट गरी कुल १ हजार ४० मेगावाट राष्ट्रिय प्रसारण लाइनमा थप हुने उनले उल्लेख गरे। त्यससँगै मुलुकको कुल जडित क्षमता पाँच हजार ५३५ मेगावाट पुग्ने अनुमान गरिएको छ।
यसैगरी, कुल ४० मेगावाट क्षमताको राहुघाट जलविद्युत् आयोजना यसैवर्ष सम्पन्न गर्ने घोषणा गरिएको छ। निर्माणका क्रममा रहेका तनहुँ जलाशययुक्त आयोजना, माथिल्लो मोदी ए, माथिल्लो मोदी, माथिल्लो त्रिशूली बी सम्पन्न गर्ने र बूढीगण्डकी जलविद्युत् आयोजनालाई विशेष संयन्त्र निर्माण गरी अगाडि बढाउने बजेटमार्फत घोषणा गरिएको छ।
यस्तै, एक हजार ६१ मेगावाटको माथिल्लो अरुण, ८२८ मेगावाटको उत्तरगङ्गा, २१० मेगावाटको चैनपुर–सेती, ९९ मेगावाटको तामाकोसी पाँचौँ र ७७ मेगावाटको घुन्सा खोला आयोजनाको वित्तीय व्यवस्थापन गरी निर्माणका लागि आवश्यक प्रक्रिया अगाडि बढाउने योजना अगाडि सारिएको छ।
यस्तै, हेटौंडा–ढल्केबर–इनरुवा ४०० केभी प्रसारण लाइन चालु आवभित्र सम्पन्न गर्ने लक्ष्य राखिएको छ । खिम्ती–बारबिसे–काठमाडौं, हेटौंडा–रातमाटे–लप्सीफेदी, न्यू दमौली–न्यू बुटवललगायत ४०० केभी प्रसारण लाइन निर्माण कार्यलाई तीव्रता दिने योजना अगाडि सारिएको छ।
अन्तरदेशीय प्रसारण लाइनतर्फ बुटवल–गोरखपुर तथा इनरुवा–पूर्णिया प्रसारण लाइन निर्माणलाई तीव्रता दिने योजना अगाडि सारिएको छ । ढल्केबर–मुजफ्फरपुर, सीतामढी, लम्की–दोदोधरा–बरेली, लमही–लखनउ, निजगढ–मोतिहारी तथा चिलिमे–केरुङ प्रसारण लाइनको अध्ययन सम्पन्न गरी निर्माण सुरु गर्ने योजना बजेटमा अगाडि सारिएको छ।
कर्णाली करिडोर राष्ट्रिय प्रसारण लाइन निर्माणलाई तीव्रता दिने, राष्ट्रिय ग्रिड नपुगेका कर्णालीका स्थानीय क्षेत्रमा विद्युतीकरण विस्तार गर्ने योजना बजेटमार्फत अगाडि सारिएको छ।
ग्रीन हाइड्रोजनको व्यावसायिक उत्पादन सुरु गर्न हेटौँडामा ग्रीन हाइड्रोजन प्लान्ट पाइलट परियोजनाका रूपमा कार्यान्वयन गरिने भएको छ।
त्यस्तै, सुख्खा याममा हुने विद्युत् दबाब व्यवस्थापन गर्न काठमाडौँ उपत्यकामा १०० मेगावाट क्षमताको ब्याट्री इनर्जी स्टोरेज प्रणाली सुरु गर्ने सरकारको योजना छ । ग्रीन हाइड्रोजन उत्पादन विस्तारका लागि आवश्यक बजेट व्यवस्था गरिएको छ।
अर्थमन्त्री डा. वाग्लेका अनुसार, ऊर्जा उत्पादन, प्रसारण तथा वितरण लाइन निर्माणका लागि कुल ८५ अर्ब ५४ करोड रुपैयाँ विनियोजन गरिएको छ।
आगामी आव थप १५ हजार ८०० हेक्टर खेतीयोग्य जमिनमा सिँचाइ सुविधा विस्तार गरिनेछ।
यससँगै कुल सिञ्चित खेतीयोग्य जमिनको अनुपात ६४ प्रतिशत पुग्नेछ । नदी नियन्त्रणतर्फ ७० किलोमिटर तटबन्ध निर्माण तथा २१० हेक्टर जमिन उकास गरिने छ।
बबई सिँचाइ आयोजनाअन्तर्गत आगामी आर्थिक वर्ष एक हजार ६०८ हेक्टर जमिनमा सिँचाइ सुविधा पुर्याउने योजना अगाडि सारिएको छ।
राधापुर सिँचाइ योजनाको पुनःस्थापना गर्ने, भेरी–बबई डाइभर्सन आयोजनाको हेडबक्स निर्माण सम्पन्न गरिनेछ। यी योजनाका लागि रु पाँच अर्ब ६३ करोड विनियोजन गरिएको छ।
सिक्टा सिँचाइ आयोजनाअन्तर्गत बाँके जिल्लाको पूर्वी र पश्चिमी क्षेत्रमा थप पाँच हजार हेक्टर जमिनमा सिँचाइ सुविधा विस्तार गरिनेछ।
त्यसका लागि दुई अर्ब ५५ करोड रुपैयाँ विनियोजन गरिएको छ।
सुनकोसी–मरिन डाइभर्सन आयोजनाको बाँध तथा विद्युत् गृह निर्माणका लागि पुनःठेक्का गरी चार वर्षभित्र सम्पन्न गर्ने लक्ष्यसहित निर्माण सुरु गरिनेछ । सो आयोजनाका लागि चालु वर्ष दुई अर्ब ९८ करोड रुपैयाँ विनियोजन गरिएको छ।
बागमती सिँचाइ आयोजनाको स्तरोन्नति गरी सुनकोसी–मरिन डाइभर्सनबाट थप हुने पानी उपयोग गर्दै बारा, रौतहट, सर्लाही, महोत्तरी र धनुषा जिल्लाका एक लाख २२ हजार हेक्टर खेतीयोग्य जमिनमा सिँचाइ सुविधा विस्तार गर्ने योजना अगाडि सारिएको छ । त्यसका लागि ५३ करोड रुपैयाँ विनियोजन गरिएको छ।
महाकाली सिँचाइ योजनाको कमाण्ड क्षेत्र विस्तार गरिनेछ भने रानी–जमरा कुलरिया आयोजनाको लम्की खण्डको पूर्वाधार विकास गर्ने योजना सरकारको छ।
बृहत् दाङ उपत्यका सिँचाइ आयोजना तथा प्रगन्ना–बड्कापथ सिँचाइ योजनाबाट थप दुई हजार ३८० हेक्टर जमिनमा सिँचाइ सुविधा उपलब्ध गराउन एक अर्ब २१ करोड रुपैयाँ विनियोजन गरिएको छ।
नौमुरे बहुउद्देश्यीय सिँचाइ आयोजनाबाट कपिलवस्तु क्षेत्रमा सिँचाइ सुविधा विस्तार गर्न आवश्यक पूर्वतयारी पूरा गरिनेछ।
बाणगङ्गा सिँचाइ योजनाको पुनःस्थापना तथा मर्मत गर्ने सरकारको लक्ष्य छ।
नारायणी सिँचाइ आयोजनाको पुनःस्थापनाका लागि बजेट व्यवस्था गरिएको छ । सुनसरी–मोरङ, चन्द्रनहर, कमला, नारायणी गण्डक, कोसी पम्पलगायत सिँचाइ प्रणालीको मर्मतसम्भार तथा पुनःस्थापनाका लागि ४४ करोड रुपैयाँ विनियोजन गरिएको छ।

निजी क्षेत्रलाई विद्युत् बिक्रीको अनुमति

बजेटमार्फत निजी क्षेत्रले अन्तरराष्ट्रिय बजारमा विद्युत् व्यापार पाउने व्यवस्था हुने गरिएको छ।
लामो समयदेखि निजी क्षेत्रले उक्त माग गर्दै आएको थियो।
त्यसका लागि प्रसारण लाइन निर्माण गर्ने र प्रसारण शुल्क लिएर व्यापार गर्नसक्ने कानुनी व्यवस्था मिलाइएको छ। यस्तै, विद्युत् प्राधिरणको पुनःसंरचना गर्ने घोषणा गरिएको छ । प्राधिकरणलाई विद्युत् उत्पादन, प्रसारण वितरण र विद्युत् व्यापारका लागि तीन छुट्टाछुट्टै कम्पनीमा विभाजन गरिनेछ।
विद्युत् खरिद सम्झौता भएका तर अहिलेसम्म निर्माण सुरू नभएका आयोजनाको अनुमति खारेज गरिनेछ । त्यस्तै, 'टेक अर पे विधिमा नयाँ पिपिए गर्ने व्यवस्था गरिएको छ।
यस्तै, १० मेगावाटभन्दा कमका आयोजनाको तत्काल पिपिए गरिने योजना छ। रासस

# बजेट सुधारमुखी भएपनि कार्यान्वयन चुनौतीपूर्णः अशोक टेमानी



**मधेशदृष्टि**
**वीरगंज।**
नेपाल उद्योग वाणिज्य महासंघ मधेश प्रदेशका निवर्तमान अध्यक्ष अशोक टेमानीले सरकारले सार्वजनिक गरेको आर्थिक वर्ष २०८३÷८४ को बजेटलाई निजी क्षेत्र, प्रविधि, पूँजी बजार तथा विदेशी लगानीलाई प्राथमिकता दिएको सुधारमुखी बजेटको रूपमा टिप्पणी गरेका छन्। उनका अनुसार बजेटमा समेटिएका कर सुधार, लगानी सहजीकरण र पूँजी बजार आधुनिकीकरणसम्बन्धी
कार्यक्रमले दीर्घकालीन रूपमा अर्थतन्त्रलाई सकारात्मक दिशा दिन सक्ने सम्भावना देखिएको छ।
टेमानीले व्यक्तिगत आयकर छुटको सीमा १० लाख रुपैयाँसम्म पु¥याइनु र अधिकतम आयकर दर घटाइनुले मध्यम तथा उच्च आय भएका वर्गलाई राहत पुग्ने बताएका छन्। यसले निजी क्षेत्रको लगानी र उपभोग क्षमता समेत विस्तार हुने उनको विश्वास छ। सूचना प्रविधि क्षेत्रमा निर्यात आम्दानीमा ५० प्रतिशत कर छुट तथा आईटी क्षेत्रमा कार्यरत जनशक्तिलाई 'स्वेट इक्विटी' मा कर सहुलियत दिने व्यवस्थाले नेपाललाई भविष्यमा प्रविधि केन्द्रको रूपमा विकास गर्न टेवा पुग्ने उनले बताए।
उनका अनुसार कृषि प्रशोधन उद्योगलाई १० वर्षसम्म कर छुट दिने निर्णयले कृषि क्षेत्रमा ठूलो लगानी आकर्षित गर्न सहयोग पुग्नेछ। विगतदेखि थाँती रहेका कर विवाद समाधान गर्न ल्याइएको विशेष योजनाले व्यवसायीलाई राहत मिल्ने अपेक्षा समेत उनले व्यक्त गरेका छन्।
पूँजी बजार सुधारतर्फ सरकारले 'इन्ट्राडे ट्रेडिङ', 'सर्ट सेलिङ' र 'डेरिभेटिभ्स कारोबार' सुरु गर्ने घोषणा गरेको विषयलाई उनले महत्वपूर्ण उपलब्धिका रूपमा व्याख्या गरेका छन्। यस्ता व्यवस्थाले नेपालको पूँजी बजारलाई थप आधुनिक, प्रतिस्पर्धी र व्यवस्थित बनाउने उनको धारणा छ। त्यस्तै 'इनसाइडर ट्रेडिङ' तथा 'सेयर कर्नरिङ' नियन्त्रणका लागि कडाइ गरिनु बजार पारदर्शिता र लगानीकर्ताको विश्वास अभिवृद्धिका लागि सकारात्मक कदम भएको उनले बताएका छन्।
गैरआवासीय नेपालीलाई दोस्रो बजारमा प्रवेश खुला गरिनु तथा नेपाली कम्पनीलाई 'जीडीआर' जारी गर्न दिने व्यवस्थाले अन्तर्राष्ट्रिय पूँजी बजारमा पहुँच विस्तार हुने टेमानीको भनाइ छ। साथै 'पिटुपी लेन्डिङ' र 'क्रेडिट स्कोरिङ' प्रणालीको कार्यान्वयनले वैकल्पिक वित्तीय पहुँच बढाउन मद्दत पुग्ने उनले विश्वास व्यक्त गरेका छन्।
विदेशी लगानी प्रवद्र्धनका लागि 'एलएलपी' कानून ल्याउने सरकारी घोषणा 'एन्जेल इन्भेष्टमेन्ट', 'भेन्चर क्यापिटल' तथा 'प्राइभेट इक्विटी' जस्ता अवधारणालाई कानुनी आधार दिने दिशामा महत्वपूर्ण कदम भएको उनले बताएका छन्। एफडीआई स्वीकृति प्रक्रिया सहज बनाइनु, नेपाल राष्ट्र बैंकको पूर्वस्वीकृति हटाइनु तथा 'कन्भर्टिबल' र 'हाइब्रिड इन्स्टुमेन्ट' लाई एफडीआई अन्तर्गत समावेश गर्नु आधुनिक लगानी अभ्याससँग मेल खाने उनको धारणा छ।
सरकारले ल्याउने भनेको 'इन्भेष्टमेन्ट एक्सप्रेस' प्रणाली र 'हेजिङ सेवा' विदेशी लगानीकर्ताका लागि थप आकर्षक बन्न सक्ने टेमानीको भनाइ छ। ऊर्जा, प्रविधि र पूर्वाधार क्षेत्रमा 'एआई कम्प्युट सेन्टर' स्थापना गर्ने योजना, निजी क्षेत्रलाई अन्तर्राष्ट्रिय विद्युत व्यापारमा सहभागी गराउने व्यवस्था तथा कृषि र पशुपालन क्षेत्रमा ४० प्रतिशत पूँजी अनुदान दिने निर्णयलाई पनि उनले सकारात्मक रूपमा लिएका छन्।
पर्यटन क्षेत्रलाई लक्षित गर्दै उच्चस्तरीय होटल तथा रिसोर्टलाई प्रोत्साहन गर्ने नीति र नेपाल टेलिकमसहित सरकारी कम्पनीका सेयर बिक्रीको योजनाले बजारमा नयाँ अवसर सिर्जना गर्ने उनले बताएका छन्। यद्यपि बजेट कार्यान्वयनलाई उनले सबैभन्दा ठूलो चुनौतीको रूपमा औंल्याएका छन्। विगतमा पनि यस्ता सुधारमुखी कार्यक्रम घोषणा भए पनि प्रभावकारी कार्यान्वयन हुन नसकेको अनुभव रहेको उल्लेख गर्दै यसपटक सरकार कार्यान्वयनमा गम्भीर हुनुपर्ने उनले बताएका छन्।
टेमानीका अनुसार अत्यधिक कर छुटका कारण सरकारी राजस्वमा दबाब पर्न सक्ने जोखिम छ भने आयकर दर घटाउँदा अल्पकालीन रूपमा राजस्व संकलन प्रभावित हुन सक्छ। पर्याप्त तयारीबिना 'सर्ट सेलिङ' र 'डेरिभेटिभ्स' जस्ता उपकरण लागू गरिए साना लगानीकर्ता बढी जोखिममा पर्न सक्ने चेतावनी समेत उनले दिएका छन्।
उनले विदेशी लगानी सहज बनाउने घोषणा भए पनि राजनीतिक अस्थिरता, नीतिगत अस्थिरता र प्रशासनिक जटिलताले लगानीकर्तालाई अझै निरुत्साहित गर्न सक्ने बताएका छन्। 'एआई कम्प्युटर सेन्टर' जस्ता परियोजनामा ठूलो लगानी आवश्यक पर्ने तथा दक्ष जनशक्ति र डिजिटल पूर्वाधारको अभाव चुनौतीका रूपमा रहेको उनको भनाइ छ।
समग्रमा बजेट निजी क्षेत्र, पूँजी बजार, प्रविधि, उद्यमशीलता र विदेशी लगानी केन्द्रित सुधारमुखी रहेको उल्लेख गर्दै यसको वास्तविक सफलता भने कार्यान्वयन क्षमता, राजनीतिक स्थिरता र प्रशासनिक सुधारमा निर्भर रहने टेमानीले बताएका छन्।

# सडकबाट सहारासम्मः
## मानवसेवा आश्रम वीरगंजको ९ वर्षे प्रेरणादायी यात्रा

**मधेशदृष्टि**
**वीरगंज।**
मानवसेवा आश्रम को वीरगञ्ज शाखाले शुक्रबार आफ्नो ९औँ स्थापना दिवस विभिन्न कार्यक्रमका साथ मनाएको छ। नौ वर्षअघि नारायणी अस्पतालबाट एक सहयोगापेक्षी व्यक्तिको उद्धारसँगै सुरु भएको शाखाले हाल सयौं बेसहारा नागरिकको सहारा बनेर मानवीय सेवाको उदाहरण प्रस्तुत गरिरहेको छ। वि.सं. २०७४ जेठ १५ गते नारायणी अस्पताल परिसरबाट 'शंकर' नाम गरेका एक सहयोगापेक्षी व्यक्तिको उद्धार गर्दै मानवसेवा आश्रम वीरगंज शाखा को औपचारिक सुरुआत गरिएको थियो।
उक्त अभियानमा आश्रमका संस्थापक देवेश गुप्ता सहित तत्कालीन प्रमुख जिल्ला अधिकारी केशव प्रसाद घिमिरे, डा. दीपक शाक्य, मीनाक्षी गुप्ता, रहबर अन्सारी, उषा शाह, कनिका कौशिक, मायामितु न्यौपाने लगायतको उल्लेखनीय सहभागिता रहेको थियो। शाखा स्थापना भएदेखि २०७९ सालसम्म वीरगंज–९ मा इन्डियन एम्बेसी पछाडिको भाडाको घरबाट सेवा सञ्चालन गरिएको थियो। पछि २०८० सालमा प्रदेशसभा सदस्य रमेश पटेलको पहलमा वीरगंज–२५ श्रीसियामा निर्माण गरिएको वृद्धाश्रम भवनमा आश्रमलाई व्यवस्थित रूपमा स्थानान्तरण गरिएको हो।
आश्रमले वीरगंज महानगरपालिकाबाट वीरगंज–१५ लक्ष्मणवामा प्राप्त १४ कठ्ठा जग्गामा करिब २० करोड रुपैयाँ लागतमा आधुनिक तथा सुविधा सम्पन्न आफ्नै भवन निर्माणको कामसमेत




अघि बढिसकेको जनाएको छ। विशुद्ध परोपकारी र गैरनाफामूलक सामाजिक संस्थाका रूपमा परिचित मानवसेवा आश्रमले २०६९ सालदेखि देशभर मानव सेवाको अभियान सञ्चालन गर्दै आएको छ।
२०७३ साउन २ गते जिल्ला प्रशासन कार्यालय काठमाडौंमा विधिवत् दर्ता भएको संस्थाले सडकपेटी, खुला आकाशमुनि तथा सार्वजनिक स्थलमा कष्टपूर्ण जीवन बिताइरहेका सहयोगापेक्षी मानवहरूको उद्धार, उपचार, पालनपोषण, संरक्षण तथा पारिवारिक पुनर्मिलनको कार्य गर्दै आइरहेको छ। हाल आश्रमले 'घरपरिवारविहीन, बेसहारा तथा सहयोगापेक्षी मानवमुक्त नेपाल' निर्माण गर्ने लक्ष्यसहित सातै प्रदेशका २२ जिल्लामा ३४ वटा सेवाकेन्द्र सञ्चालन गरिरहेको जनाएको छ।
वीरगंज शाखाका अनुसार स्थापना कालदेखि हालसम्म ३४२ जनाको उद्धार गरिएको छ। तीमध्ये १५९ जनालाई परिवारसँग पुनर्मिलन गराइएको छ भने ३३ जनाको सामुदायिक पुनस्र्थापना गरिएको छ। यस्तै ६५ जनालाई आश्रमका अन्य शाखामा स्थानान्तरण गरिएको र ४१ जनाले आश्रममै अन्तिम श्वास लिएको शाखाले जनाएको छ। हाल श्रीसियास्थित आश्रममा ४४ जना महिला, पुरुष तथा बालबालिका आश्रितका रूपमा बसोबास गरिरहेका छन्।
संस्थापक देवेश गुप्ताले आश्रम पर्सा–बारावासीको माया, विश्वास र सहयोगकै बलमा निरन्तर अघि बढिरहेको बताए। 'धेरैले यस्तो संस्था कसरी सञ्चालन भइरहेको छ भनेर प्रश्न गर्नुहुन्छ,' उनले भने, 'हामी गर्वका साथ भन्छौं यो आश्रम पर्सा–बाराका आम नागरिकको पसिनाको कमाइ र सहयोगबाट चलेको संस्था हो।'
उनका अनुसार दैनिक ज्याला मजदुरी गरेर जीवन धान्ने श्रमिकदेखि उद्योगपति, व्यापारी, कर्मचारी, विद्यार्थी र गृहिणीसम्म सबै वर्गका व्यक्तिहरूले आफ्नो क्षमता अनुसार सहयोग गर्दै आएका छन्। सहयोगी मन, दाताहरू र शुभेच्छुकहरूको निरन्तर साथबिना ९ वर्षको यात्रा सम्भव नहुने उनले बताए। वार्षिकोत्सवको अवसरमा मानवसेवा आश्रम वीरगंज परिवारले विगत नौ वर्षदेखि निरन्तर सहयोग, माया, विश्वास र हौसला प्रदान गर्ने सम्पूर्ण वीरगंजवासी तथा शुभेच्छुकहरूप्रति आभार व्यक्त गर्दै 'मानवता नै सबैभन्दा ठूलो धर्म हो' भन्ने भावनासहित सेवा कार्यलाई अझ सशक्त रूपमा अघि बढाउने प्रतिबद्धता जनाएको छ।

# नेपाल पत्रकार महासंघ मधेश प्रदेशको आफ्नै भवनको शिलान्यास

**मधेशदृष्टि**
**जनकपुरधाम।**
नेपाल पत्रकार महासंघ मधेश प्रदेश समितिको आफ्नै प्रादेशिक भवन निर्माणका लागि शुक्रबार शिलान्यास गरिएको छ। गणतन्त्र दिवसको अवसर पारेर आयोजित कार्यक्रममा मधेश प्रदेश सरकारका गृह, सञ्चार तथा कानुन मन्त्री फकिरा महतोले जनकपुरधाम उपमहानगर पालिका–४ स्थित भवनको शिलान्यास गरेका हुन्। सो अवसरमा मन्त्री महतोले पत्रकार महासंघको प्रादेशिक कार्यालयलाई सुविधा सम्पन्न भवनका रूपमा निर्माण गरिने बताए। उनले महासंघका पदाधिकारी, अर्थ मन्त्रालय तथा गृह, सञ्चार तथा कानुन मन्त्रालयबीच समन्वय गरी आगामी बजेटमार्फत आवश्यक रकम व्यवस्थापन गरिने जानकारी दिए। कार्यक्रममा



नेपाल पत्रकार महासंघ मधेश प्रदेशका अध्यक्ष श्याम बन्जाराले अग्रज पत्रकारहरूले देखेको सपना पूरा गर्ने अभियान सुरु भएको बताए। उनले नेपालमै पहिलोपटक मधेश प्रदेश समितिको आफ्नै भवन निर्माणको सपना साकार भएको उल्लेख गर्नुभयो। प्रारम्भिक चरणमा दुई कोठे भवन निर्माण कार्य सुरु गरिएको छ।
शिलान्यास कार्यक्रमको सहजीकरण महासंघ प्रदेशका महासचिव शैलेन्द्र महतोले गरेका थिए।

# रौतहट प्रहरीको विशेष अभियानः
# फरार १६ प्रतिवादी पक्राउ

**मधेशदृष्टि**
**रौतहट।**
जिल्ला प्रहरी कार्यालय रौतहट ले विभिन्न आपराधिक गतिविधिमा संलग्न भई अदालतबाट सजाय तथा जरिवाना फैसला भएका फरार प्रतिवादीहरूविरुद्ध विशेष अभियान तीव्र बनाएको छ। सोही अभियानअन्तर्गत प्रहरीले जिल्लाका विभिन्न स्थानबाट १६ जना फरार प्रतिवादीलाई एकैपटक पक्राउ गर्न सफलता हासिल गरेको छ।
लामो समयदेखि कानुनी दायराबाट बाहिर रही लुकिछिपी बस्दै आएका प्रतिवादीहरूलाई सुराकी तथा विशेष अपरेसनमार्फत नियन्त्रणमा लिइएको प्रहरीले जनाएको छ। पक्राउ परेकामध्ये चेक अनादर (चेक बाउन्स), कुटपिट, लुटपाट तथा




बालबालिका बेचबिखनजस्ता गम्भीर मुद्दाका अभियुक्तहरू रहेको जनाइएको छ। प्रहरीका अनुसार पक्राउ गरिएका सबै प्रतिवादीलाई आवश्यक कानुनी प्रक्रिया तथा फैसला कार्यान्वयनका लागि रौतहट जिल्ला अदालत मा बुझाइसकिएको छ।
वसन्त गौतमका अनुसार पक्राउ परेकामध्ये एकजना बालबालिका बेचबिखन मुद्दामा संलग्न मुख्य प्रतिवादीसमेत रहेका छन्। अन्य अधिकांश पक्राउ पर्नेहरू भने पछिल्लो समय वित्तीय अपराधका रूपमा बढ्दै गएको चेक अनादर मुद्दाका फरार अभियुक्तहरू रहेको उनले जानकारी दिए।
पक्राउ परेका केही अभियुक्तलाई अदालतले कैद सजाय सुनाएको थियो भने अधिकांशमाथि जरिवानाको फैसला भएको प्रहरीले जनाएको छ।
विशेष अभियानअन्तर्गत पक्राउ गरिएका प्रतिवादीहरूबाट तत्काल ११ हजार ६ सय रुपैयाँ जरिवाना असुलउपर गरिएको पनि प्रहरीको भनाइ छ।
रौतहट प्रहरीले समाजमा बढ्दो दण्डहीनता अन्त्य गर्दै अदालतको आदेश प्रभावकारी रूपमा कार्यान्वयन गराउने उद्देश्यले यस्तो अभियान सञ्चालन गरिएको जनाएको छ।
डीएसपी गौतमले जिल्लाका अन्य स्थानमा लुकिछिपी बसेका फरार प्रतिवादीहरूको सूची तयार गरी खोजी तथा निगरानी कार्यलाई थप तीव्र पारिएको उल्लेख गर्दै कुनै पनि अपराधी कानुनी कारबाहीबाट उम्किन नसक्ने स्पष्ट पारे।

# हैजाको जोखिमबीच वीरगंजमा रेडक्रसको आपत्कालीन अभ्यास

**मधेशदृष्टि**
**वीरगंज।**
नेपाल रेडक्रस सोसाइटी केन्द्रीय कार्यालयको आयोजनामा तथा नेपाल रेडक्रस सोसाइटी पर्सा शाखाको समन्वयमा वीरगंजमा कृत्रिम घटनामा आधारित एकदिने 'रेडक्रस इमर्जेन्सी क्लिनिक' कार्यक्रम सम्पन्न गरिएको छ। देशका विभिन्न क्षेत्रमा हैजाजन्य (कोलेरा) संक्रमणको जोखिम बढ्दै गएको अवस्थालाई ध्यानमा राख्दै महामारीका बेला अपनाउनुपर्ने सतर्कता, प्राथमिक उपचार, सरसफाइ तथा आपत्कालीन
व्यवस्थापनसम्बन्धी जनचेतना अभिवृद्धि गर्ने उद्देश्यसहित कार्यक्रम सञ्चालन गरिएको आयोजकले जनाएको छ।
कार्यक्रममा कृत्रिम घटनाको अभ्यासमार्फत महामारी फैलिएको अवस्थामा



रेडक्रसकर्मी, स्वास्थ्यकर्मी तथा स्वयंसेवकहरूले कसरी उद्धार, उपचार, समन्वय र जनचेतनामूलक गतिविधि सञ्चालन गर्छन् भन्ने विषयलाई व्यावहारिक रूपमा प्रस्तुत गरिएको थियो।
अभ्यासका क्रममा संक्रमित बिरामीको उद्धार, प्राथमिक उपचार, सुरक्षित स्थानमा स्थानान्तरण, सरसफाइ व्यवस्थापन तथा समुदायस्तरमा सचेतना फैलाउने गतिविधिहरू प्रदर्शन गरिएको थियो।
कार्यक्रममा सहभागी बृजकिशोर पटेलले महामारी तथा विपद्को समयमा यस्ता अभ्यासमूलक कार्यक्रम अत्यन्त प्रभावकारी हुने बताए। उनले रेडक्रस निरन्तर मानवीय सेवामा सक्रिय रहेको उल्लेख गर्दै आपत्कालीन परिस्थितिको सामना गर्न स्वयंसेवक र स्वास्थ्यकर्मीलाई सधैं तयारी अवस्थामा राख्नुपर्ने आवश्यकता औंल्याए।
त्यस्तै कार्यक्रम संयोजक टीकाराज पौडेलले महामारी नियन्त्रणका लागि समुदायस्तरमै पूर्वतयारी र जनचेतना अपरिहार्य रहेको बताए। उनले सरसफाइ, स्वच्छ खानेपानी र स्वास्थ्य सुरक्षासम्बन्धी मापदण्ड कडाइका साथ पालना गर्नुपर्नेमा जोड दिए। कार्यक्रममा रेडक्रसका केन्द्रीय प्रतिनिधि, जिल्ला शाखाका पदाधिकारी, स्वास्थ्यकर्मी, स्वयंसेवक तथा विभिन्न सरोकारवालाको उल्लेखनीय सहभागिता रहेको थियो।
आयोजकका अनुसार यस्ता अभ्यासमूलक कार्यक्रमले महामारी तथा विपद् व्यवस्थापनमा स्थानीय तहको तयारीलाई अझ प्रभावकारी र सुदृढ बनाउन महत्वपूर्ण सहयोग पुग्ने अपेक्षा गरिएको छ।

# गणतन्त्र दिवसको अवसरमा निःशुल्क स्वास्थ्य परीक्षण

**मधेशदृष्टि**
**वीरगंज।**
गणतन्त्र दिवसको अवसरमा वीरगंज महानगरपालिका–१३ राधेमाईस्थित साउथजोन माध्यमिक विद्यालयमा विद्यार्थीहरूको निःशुल्क स्वास्थ्य परीक्षण कार्यक्रम सम्पन्न गरिएको छ।
नाक, कान, घाँटी तथा फुल बडी को स्वास्थ्य परीक्षण गरिएको विद्यालयले जनाएको छ। विद्यालयले वर्षभरि ३ देखि ४ पटक नियमित रूपमा यस्ता स्वास्थ्य परीक्षण कार्यक्रम सञ्चालन गर्दै आएको दावी गरेको छ। तीन दिनसम्म सञ्चालन हुने स्वास्थ्य परीक्षण अभियानअन्तर्गत पहिलो दिन शुक्रबार पाँच जना चिकित्सकहरूको सहभागिता थियो।
कार्यक्रममा डा.उमेश कुमार कुशवाहा, डा. प्रमोद कुमार राम, डा. मुकुन्द जैसवाल, डा. सन्नी फारुख अन्सारी तथा डा. सुशील कुमारले विद्यार्थीहरूको स्वास्थ्य परीक्षण गरेका थिए। विद्यालयका प्रिन्सिपल सरोज प्रसाद चौधरीको अध्यक्षतामा आजको कार्यक्रम सम्पन्न भएको हो।

सम्पादकीय

# गणतन्त्रको गरिमा र बजेटको भारी

नेपाली राजनीतिक इतिहासमा जेठ १५ को विशिष्ट र दोहोरो महत्त्व छ। एकातिर यो दिन निरंकुश राजतन्त्रको अन्त्य भई जनताका छोराछोरी राष्ट्राध्यक्ष बन्न पाउने 'गणतन्त्र दिवस' को उत्सव हो भने अर्कोतिर आगामी वर्षको आर्थिक मार्गचित्र कोर्ने 'बजेट दिवस' पनि हो। तर, विगत केही वर्षदेखि यो दिनको उत्साह र उमङ्ग क्रमशः खुम्चिँदै गएको भान हुन्छ।

एकातिर सरकारले ठुला सपना र महत्त्वाकाङ्क्षी योजनासहितको बजेट प्रस्तुत गरिरहँदा अर्कोतिर नागरिकमा देखिएको उदासीनताले जेठ १५ राष्ट्रिय उत्सवभन्दा पनि एउटा औपचारिकता र सरकारी कर्मकाण्डमा मात्र सीमित हुन थालेको सङ्केत गरेको छ।

यस वर्ष सरकारले ल्याएको आर्थिक वर्ष २०८३÷८४ को बजेटप्रति मिश्रित प्रतिक्रिया देखिएका छन्। सरकारले निजी क्षेत्रलाई प्रोत्साहन गर्ने र आर्थिक वृद्धिको लक्ष्य राखे पनि कार्यान्वयनको पक्ष सधैँझैँ संशयको घेरामा छ। एकातिर बढ्दो सार्वजनिक ऋण र अर्कोतिर न्यून पुँजीगत खर्चको परम्पराले बजेटलाई केवल अङ्कको खेल मात्र बनाउने डर सर्वसाधारणमा देखिन्छ। 'बजेट आउँछ, जान्छ तर सामान्य मानिसको भान्सा र जीवनस्तरमा तात्विक परिवर्तन आउँदैन' भन्ने आम धारणाले बजेटप्रतिको जनविश्वासमा ह्रास आएको स्पष्ट पार्छ। वितरणमुखी कार्यक्रम र राजनीतिक लोकप्रियताका लागि ल्याइने योजनाहरूले देशको अर्थतन्त्रलाई दीर्घकालीन रूपमा कति लाभ दिन्छन् भन्ने प्रश्न नै अहिलेको मुख्य बहसको विषय बनेको छ।

गणतन्त्र दिवसको रौनक फितलो बन्दै जानुको मुख्य कारण राजनीतिक अस्थिरता र सुशासनको अभाव नै हो। जुन व्यवस्था ल्याउन जनताले ठुलो बलिदान दिए, सोही व्यवस्थामा पनि उनीहरूले न्याय, समानता र अवसरको महसुस गर्न पाएका छैनन्। सत्ताको लुछाचुडी, भ्रष्टाचारका श्रृंखला र जनसरोकारका मुद्दामा दलहरूको बेवास्ताले गर्दा आम नागरिकमा व्यवस्थाप्रति नै वितृष्णा पैदा भएको छ। सैनिक मञ्चको परेड र सरकारी कार्यालयका दिपावलीले मात्र गणतन्त्रको वास्तविक अर्थ झल्काउन सक्दैनन्। जबसम्म जनताले आफ्ना आधारभूत आवश्यकताको परिपूर्तिमा राज्यको उपस्थिति देख्दैनन्, तबसम्म यस्ता दिवसहरूले उनीहरूको मन छुन सक्ने छैनन्।

के जेठ १५ नेपालीका लागि उत्सव बन्न छाडेको हो त ? यो प्रश्न गम्भीर छ। वास्तवमा, उत्सव हुनका लागि मनमा खुसी र भविष्यप्रति भरोसा हुनुपर्छ।

तर, आजको युवा पुस्ता रोजगारीको खोजीमा खाडी मुलुक पलायन भइरहेको र देशमै केही गर्छु भन्नेहरूले पनि प्रशासनिक झमेला बेहोर्नुपरेको अवस्थामा जेठ १५ केवल एक सार्वजनिक बिदाको दिनमा परिणत भएको छ। उत्सव केवल कागजमा र सरकारी भाषणमा सीमित हुँदा यसले नागरिकको भावनात्मक सम्बन्ध गुमाउँदै गएको छ। जनताले गणतन्त्रलाई आफ्नो जीवनसँग जोड्न नसक्नु नै यो दिवस फितलो हुनुको प्रमुख कारण हो।

अन्ततः, बजेटका अङ्कहरूले मात्र होइन, सरकारको नियत र कार्यशैलीले गणतन्त्रलाई बलियो बनाउँछ। सरकारले ल्याएको बजेट केवल कागजको खोस्टो नबनोस् र गणतन्त्र केवल शासक फेरिने माध्यम मात्र नबनोस् भन्नेमा सरोकारवालाहरू सचेत हुन जरुरी छ।

गणतन्त्रको वास्तविक उत्सव तब मात्र मनाइनेछ, जब प्रत्येक नागरिकले आफू यो देशको सम्मानित र सुरक्षित सदस्य भएको महसुस गर्नेछन्। सरकारले बजेटमार्फत वितरण गरेका सपनाहरूलाई यथार्थमा बदल्न र गणतन्त्रको गरिमालाई नागरिकको घरदैलोसम्म पुर्‍याउन अब ढिला गर्नु हुँदैन। अन्यथा, जेठ १५ इतिहासको एउटा मृत पाना मात्र बन्ने जोखिम बढ्नेछ।

# कीर्तिमानले गौरवान्वित बनाएको सगरमाथा दिवस



–राजु सिलवाल

प्रत्येक वर्षको वसन्त ऋतु विश्व मानचित्रमा नेपाललाई गौरवान्वित बनाउने महत्वपूर्ण याम मान्ने गरिएको छ विगत वर्षहरु झैं यसपालि पनि नेपालले फेरि विश्वको ध्यान केन्द्रीत गर्न सफल भएको छ। यसपटक विश्वको सर्वोच्च शिखर सगरमाथाको आधार शिविरमा अत्यधिक टोलीको उपस्थितिले वातावरण विशेष चहलपहलमय बन्न पुगेको थियो। आरोहीहरुको चाप आधार शिविरदेखि चुचुरोसम्म जानेक्रममै जारी रहेको थियो। एकैदिन धेरै आरोहीलाई सफलता मिलेको घटनाले पनि विश्वलाई चकित बनाएको थियो।

सन्् १९५३ को मे २९ तारिखका दिन पहिलोपटक पाइला टेकेर विश्व कीर्तिमान बनाउन सफल स्वर्गीय तेन्जिङ नोर्गे शेर्पा तथा स्वर्गीय एडमण्ड हिलारीको पदचापलाई पछ्याउँदै यो वर्ष पनि पर्वतारोहीहरुले विभिन्न नयाँ कीर्तिमान स्थापित गर्न सफल भएका छन्। सफलता जित्नेहरुको पङ्तिमा सहासी नेपाली शेर्पाहरुको संख्या उल्लेखनीय रहेको छ। मुलुकमा विगतमा तत्कालीन १० वर्षे माओवादी युद्ध, कोभिड २०१९ जस्तो विश्वब्यापी महामारीजस्ता विषम परिस्थितिमा समेत पर्वतारोहण क्षेत्र सुचारु रुपमा सञ्चालन भएर नेपालले विश्वलाई उदाहरण प्रस्तुत गरेको थियो। यसपटक सगरमाथामा हासिल भएका प्रशंशनीय उपलब्धिहरुले केही वर्षदेखि मात्र मनाउन सुरु गरिएको अन्तर्राष्ट्रिय सगरमाथा दिवसलाई कीर्तिमानमय एवं अझ उल्लासपूर्ण दिवसका रुपमा परिणत गरिदिएको छ।

### सयौँको सफलताको सञ्जोग

सगरमाथाको शिखरमा पुग्ने काम निक्कै कठिन र सहासिक मान्ने गरिएको छ। विगतका वर्षहरुमा हिमाल चढने काम निक्कै जोखिमपूर्ण मानिने गरिन्थ्यो। थियो। ज्यानको जोखिम भएको यथार्थ स्वीकार्दै हिमालमा गएका कयौं आरोहीले कठिन भौगोलिक क्षेत्रमा जीवन गुमाईसकेका छन् तर विज्ञान तथा प्रविधिको विकास बढदै गएसँगै हिजो आज हिमाल चढन गएकाहरुले प्राण नै त्याग्नु पर्ने अवस्था भने कम हुँदै गएको छ। पर्वतारोहीहरुलाई उचित प्रशिक्षणको व्यवस्था, आधुनिक उपकरणको सर्वसुलभता तथा महिनौँपछिको मौसमको सम्भावित अवस्थाबारे भविश्यवाणीको अग्रिम उपलब्धता जस्ता कारणले विगतको भन्दा जोखिमको परिमाण कम हुँदै गएको अनुभव गरिएको छ। पर्वतारोही एक्लै शिखरमा पुग्न समेत कठिन सङ्घर्ष गर्नुपर्ने सगरमाथामा एकैदिन सयौँ पर्वतारोहीले सफलता पाउनु सामान्य उपलब्धि होइन।

२०८३ जेठ ६ गतेको दिन यस्तो महत्वपूर्ण बन्नपुग्यो, जुन दिन २७४ जनाले सगरमाथामा सफलता पाएका थिए। त्यस्तो कठिन भूभागमा यति ठूलो संख्यामा प्राप्त भएको सफलतालाई विश्वकै पर्वतारोहणको इतिहासमा नौलो कीर्तिमान मानिएको छ। हिमालमा आरोहण अभियान सञ्चालन गर्ने व्यवसायीहरुको संस्था पर्वतारोहण सञ्चालक सङ्घ नेपालद्वारा यसलाई नेपालको पर्वतीय पर्यटनको इतिहासमा हालसम्मकै ठूलो र ऐतिहासिक उपलब्धि मानिएको छ। यसअघि २०७६ जेठ ८ गते एकैदिन २२३ पर्वतारोहीले सगरमाथाको चुचुरोमा टेकेका थिए। यस वर्ष चीनतर्फ पर्ने सगरमाथाको उत्तरी मोहडाबाट आरोहणका लागि अनुमतिपत्र प्रदान नगरिएकाले आरोहीहरुको चाप नेपालतर्फ बढी भएको थियो। यसप्रकारको अपार सफलतापछि आगामी बसन्त ऋतुमा समेत सगरमाथाप्रतिको आकर्षण अझ बढने आँकलन गरिएको छ।

### बाटो खोल्ने बहादुरहरु

सगरमाथामा एकैदिनमा धेरैले सपना पूरा गर्न सफल भएको अवस्था सिर्जना हुनु पछाडि नेपाली रोप फिक्सिङ टोलीका सहासी सदस्यहरुको प्रमुख भूमिका रहेको छ। यही टोलीको सक्रियतामा सगरमाथाको आधार शिविरदेखि चुचुरोसम्म पुग्न आरोहीहरुलाई निक्कै सजिलो भएको थियो। सगरमाथा आरोहणका क्रममा पार गर्नुपर्ने अत्यन्त जोखिमस्थल खुम्बु आइसफललाई मानिन्छ। उक्त स्थलमा कयौं वर्षदेखि धेरैले ज्यान गुमाइसकेका छन्। आइसफल डाक्टरका नामले परिचित अनुभवी हिमाल आरोहीहरुको सीप र साहसले बसन्त ऋतुभरि पर्वतारोहीहरूको लागि शिखरतर्फ जाने बाटो खुल्ला तथा सहज बनाउन सहयोग पुगेको हो।

आरोहणका लागि प्रारम्भिक रुपमै कठिन मानिएको हिमखाडल अर्थात आइसफलमा भ¥याङ हाल्नेदेखि लिएर मौसम परिवर्तन पिच्छे बाटो परिवर्तन भैरहने शिखरतर्फको गन्तव्यमा डोरी टाङ्गने जस्तो कठिन काम सम्पन्न गरिएको थियो। आइसफल रुट सञ्चालनको व्यवस्थाका लागि सगरमाथा प्रदूषण नियन्त्रण समिति तथा सगरमाथाको दोस्रो शिविरभन्दा माथि आरोहीको सुविधाका लागि रुट निर्माण गरी डोरी टाङ्गने जिम्मेवारी पर्वतारोही सञ्चालक सङ्घ नेपाललाई दिइएको थियो।

गत वैशाख ३० गते आरोही मिङमा दोर्जी शेर्पाको नेतृत्वमा खटिएको १३ सदस्यीय टोलीले आठ हजार ८४८.८६ मिटर उचाईको सगरमाथाको सफल आरोहण गर्दै यो सिजनका लागि आधिकारिक रूपमा आरोहण मार्ग निर्माण तथा डोरी टाँग्ने कार्य सफलतापूर्वक सम्पन्न गरेको थियो। उक्त टोलीले सुरक्षित मार्ग तयार गरेपछि उल्लेखनीय संख्यामा पर्वतारोहीहरुलाई सगरमाथाको शिखरमा जान सुविधा भएको थियो। यसरी अत्यन्त प्रतिकूल मौसम, उच्च हिमाली जोखिम तथा चुनौतीपूर्ण परिस्थितिका बीचमा पनि नेपाली शेर्पा समुदायले पुनः एकपटक आफ्नो साहस, क्षमता र समर्पण विश्वसामु प्रस्तुत गरेका छन्।

नेपालमा वसन्त ऋतुमा सगरमाथाका साथै अन्य बिभिन्न हिमाल आरोहणका लागि विश्वभरिबाटै आएका आरोहीहरुको सहासिक गतिविधिले हिमाली क्षेत्र रोमाञ्चकारी बन्न पुग्यो। पर्यटन विभागले यो वर्ष सगरमाथा आरोहणका लागि मात्र ४९५ जनालाई अनुमतिपत्र प्रदान गरेको थियो, जसमा ३९० जना पुरुषतथा १०५ जना महिला रहेका थिए। सगरमाथामा आरोहणका लागि सन्् १९२२ देखि नै मानिसहरुद्वारा प्रयास गरिए पनि सन्् १९५३ मा मात्र पहिलोपटक मानव पाइला शिखरमा पुग्न सफल भएको थियो। हालसम्म हजारौं आरोहीले सगरमाथाको चुचुरोमा टेक्न सफलता पाइसकेका छन्। यसमा नेपाली सहासी शेर्पाहरुको संख्या सबैभन्दा बढी रहेको छ। सन्् २०२५ सम्ममा १३ हजार ७०० भन्दा बढी आरोही सगरमाथाको शिखरमा पुगेका थिए।

### लगातार विश्व कीर्तिमान

विश्व कीर्तिमानीहरुको अभिलेख राखिने गिनिज बुक अफ वल्ड रेकर्डस्मा हाल सबैभन्दा धेरै कीर्तिमान राख्ने जातिमा शेर्पाहरुको स्थान उल्लेखनीय रहेको छ। हिमाल आरोहणमा स्थापित विभिन्न कीर्तिमानले सम्पूर्ण नेपालीहरुलाई नै गौरवान्वित बनाउँदै आएको छ। आफ्ना पुर्खाहरुको गौरवमय गाथालाई प्रख्यात नेपाली आरोही कामीरिता शेर्पाले केही वर्षदेखि निरन्तरता दिंदै लगातार विश्व कीर्तिमान कायम गर्दै आइरहनु भएको छ। चौबीस वर्षको उमेरमा पहिलोपटक सन् १९९४ मा सगरमाथामा पाइला टेक्नुभएका कामीरिताले त्यसपछि पछाडि फर्केर हेर्नु परेन। हाल ५६ वर्ष पुग्नुभएका कामीरिताले यही जेठ ३ गते आइतबार बिहान १० बजेर १२ मिनेटमा ३२ औं पटक सगरमाथाको आरोहण गरी फेरि नयाँ विश्व कीर्तिमान स्थापित गर्नुभयो। उहाँले केही वर्षदेखि आफैँले विश्व कीर्तिमान कायम गर्ने तथा फेरि त्यसलाई भङ्ग गर्ने क्रम जारी राख्दै आउनुभएको छ। यसअघि विख्यात आरोही आप्पा शेर्पाले २१ चोटीसम्म सगरमाथा आरोहण गर्दै सबैभन्दा धेरैपटक सगरमाथा चढ्ने आरोहीको रुपमा विश्व कीर्तिमान कायम गर्नु भएको थियो।

कामीरिताले आप्पाको कीर्तिमानलाई उछिन्दै २२ औँ पटक सगरमाथा चढेपछि विश्व कीर्तिमानीको आफ्नो अग्रता जारी राख्नुभएको छ। ३२ औँ उपलब्धि हासिल भएपछि कामीरिताले आफ्नो प्रत्येक आरोहण व्यक्तिगत उपलब्धि मात्र नभई यी अभियानलाई सफल र सुरक्षित बनाउने सबै मेहनती शेर्पा र आरोहीहरुको योगदान भएको धारणा आफ्नो फेसबुक पेजमार्फत व्यक्त गर्नु भएको थियो। उहाँले विश्वको सबैभन्दा अग्लो हिमालबाट अर्को अविस्मरणीय सहासिक कार्य गरेर सुरक्षित रुपमा फर्कन पाउँदा आफूले धन्य महसुस गरेको अनुभव पनि साझा गर्नु भएको छ। ३२ पटकको सफलतापछि पनि उहाँ अझै थाक्नु भएको छैन। उहाँले सञ्चार माध्यमलाई आगामी वर्ष पनि आफ्नो यात्रा जारी रहने सङ्केत गरिसक्नु भएको छ।

कीर्तिमानका लागि नभएर नेपाललाई चिनाउन आफूले आरोहण गर्ने गरेको कामीरिताको भनाइले उहाँको राष्ट्रप्रेम अभिव्यक्त हुन्छ। सोलुखुम्बुको थामे निवासी कामीरिताले बिगतमा सगरमाथाको रोप फिक्सिङ टोलीमा समेत सरिक भएर आरोहण गर्नुभएको थियो भने धेरैपटक विभिन्न देशका आरोहीहरुलाई पथप्रदर्शन गर्दै शिखरमा जानु भएको हो। विदेशी टोलीसँग गरिएको प्रतिबद्धताका कारण उहाँले अझै आरोहणलाई निरन्तरता दिनुपर्ने अवस्था रहेको छ।

सगरमाथा आरोहीहरुको संख्या वर्षेनी बढदै गए पनि त्यहाँको प्राकृतिक अवस्था सहज नभएको स्वयम् आरोहीहरुले नै अनुभव गर्दै आइरहेका छन्। आरोहीहरुलाई सगरमाथाको शिखरमा पुग्नका लागि प्राविधिक चुनौतीका रुपमा मानिएको हिलारी स्टेप खण्डको उचाई, त्यहाँको मौसम तथा आरोहीहरुको भिडका कारण हिमाल चढ्ने कार्य अझै पनि खतरनाक भएको धारणा विश्व कीर्तिमानी आरोही कामीरिता शेर्पाले आफ्नो उल्लेख गर्नुभएको छ।

### पा दावा पछिपछि

पा दावा नामले परिचित सोलुखुम्बुको पाङबोचेका वरिष्ठ पथप्रदर्शक पासाङदावा शेर्पाले विश्व कीर्तिमानी कामीरिता शेर्पालाई पछ्याइरहनु भएको छ। ४९ वर्षिय पादावा धेरैपटक सगरमाथा आरोहण गर्नेहरुमा दोस्रो आरोही हुनुहुन्छ। यस पटक उहाँले चार दिनमा दुई पटक शिखरमा पुगेर ३१ औं पटक सफलता प्राप्त गर्नु भएको हो। उहाँ जेठ ८ गते शुक्रबार बिहान ४.२० बजे शिखरमा पुग्नुभएको थियो। यसअघि उहाँ जेठ ४ गते सोमबार बिहान ८.४५ बजे पनि चुचुरोमा जानुभएको थियो। उहाँले सन् १९९८ मा पहिलोपटक सगरमाथा चढेपछि लगातार सर्वोच्च शिखरलाई पछ्याइरहनु भएको छ। गैरशेर्पाहरुमध्ये ब्रिटिस आरोही केण्टोन कूल २० पटक सगरमाथा चढेर धेरैपटक सगरमाथामा सफलता पाउने आरोही बन्नुभएको छ।

### विश्वकै पहिलो महिला

विश्वका महिलाहरु मध्ये सबैभन्दा धेरै पटक सगरमाथामा पाइला टेक्न सफल श्रीमती ल्हाक्पा शेर्पाले आरोहणको थकाई नमेट्दै आफू आगामी १० वर्षसम्म सगरमाथामा फर्किरहने जानकारी दिनुभएको छ। नेपालको सङ्खुवासभाको मकालुमा जन्मिनुभएकी श्रीमती ल्हाक्पा शेर्पाले जेठ ३ गते नै ११ पटक सगरमाथाको शिखर चुमेर आफ्नै विश्व कीर्तिमान तोडनुभएको थियो। २०५० सालमा स्वर्गीय पासाङल्हामु शेर्पाले पहिलो नेपाली महिलाका रुपमा सगरमाथाको सगरमाथाको सफल आरोहण गर्नु भएपछि ल्हाक्पा शेर्पा दोस्रो नेपाली महिलाका रुपमा सगरमाथामा सफलता पाउनुभएको थियो। त्यसपछि विभिन्न मितिमा १० पटक सगरमाथाको शिखर उक्लन सफल ल्हाक्पाले केही वर्षपछि पुनः ११ औँ पटक सफलता हात पार्नुभएको हो।

महिला आरोही ल्हाक्पाले आठ पटक चीनको तिब्बततर्फ पर्ने उत्तरी मोहडाबाट तथा तीनपटक नेपालतर्फ पर्ने दक्षिणी मोहडाबाट सगरमाथा चढ्नुभएको हो। कीर्तिमानी आरोही श्रीमती ल्हाक्पा शेर्पाले आफूले यो दुई महिना लामो यात्राको आनन्द लिन पाएकामा फेसबुकमार्फत आभार प्रकट गर्नुभएको छ। उहाँको अबको धोको आफ्ना दुई छोरीसँगै सगरमाथा आरोहण गर्नु रहेको छ।

अन्य नेपाली महिलाले पनि सगरमाथामा सफलता प्राप्त गरेर मुलुकलाई गौरवान्वित बनाएका छन्। गतवर्ष एकै सिजनमा १३ दिनभित्र तीनपटक सगरमाथा चढेर 'गिनिस अफ वल्ड रेकर्ड'द्वारा सम्मानीत हुनुभएकी फोटो पत्रकार पूर्णिमा श्रेष्ठको सगरमाथामा यसपालिको छैटौं सफलताले नेपाली सञ्चार क्षेत्रले पनि गौरव गर्ने अवसर पाएको छ। गोरखाकी चेली पूर्णिमाले आठ हजार मिटरभन्दा अग्ला विभिन्न आठवटा हिमालको सफल आरोहण गरिसक्नु भएको छ। कुशल फोटो पत्रकार आरोही पूर्णिमाको क्यामराको फ्रेममा सगरमाथाका दुर्लभ दृष्यहरु परेका छन्, जुन तस्बिरहरुले नेपालको पर्वतीय पर्यटनलाई अझ व्यापक रुपमा विश्व बजारमा लैजान थप योगदान दिने अपेक्षा गर्न सकिन्छ।

सशस्त्र प्रहरी बलमा कार्यरत दुई महिलाले पनि यसपटक सर्वोच्च शिखरको सफल आरोहण गरेका छन्। सफल आरोहीहरुमा सहायक निरीक्षक निमडिक्की शेर्पा तथा सहायक हबल्दार अनिता कार्की हुनुहुन्छ। अनिता फेन्सिङ खेलतर्फ दक्षिण एशियाली खेलकुदमा पदक बिजेता खेलाडी हुनु भएकाले नेपालको खेलकुद क्षेत्र आरोहणको सफलतामा प्रतिनिधित्व हुन पुगेको छ। मेकअप आर्टिष्ट निलम पौडेललाई पहिलो ट्रान्सवुमन सगरमाथा आरोही बन्ने अवसर प्राप्त भएको छ। उहाँले लैंङ्गिक तथा यौनिक अल्पसंख्यक समुदायको प्रतिनिधित्व गर्दै सफल आरोहण गर्नुभएको थियो।

### सदनदेखि समिटसम्म

पहिलोपटक बहालवाला संसदले सगरमाथामा सफलता पाएको घटनाले पनि वसन्त ऋतुमा चर्चा पायो। प्रतिनिधि सभामा पहिलोपटक पर्वतारोहीको प्रतिनिधित्व गर्ने अवसर पाउनु भएका ताप्लेजुङका मिङ्गमा ग्याबु शेर्पाले 'सदनदेखि समिटसम्म अभियान'अन्तर्गत सगरमाथाको चुचुरो चुम्नु भएको छ। उहाँले जेठ १३ गते बुधबार बिहान ६ बजे संसदको लोगो अङ्कित झण्डा सगरमाथामा फहराउनु भएको थियो। उहाँको यो नवौं पटकको सगरमाथा यात्रा थियो। ३० वर्षको उमेरमै आठ हजार मिटरभन्दा बढी उचाई भएका संसारका १४ वटै हिमाल सबैभन्दा कम उमेरमा आरोहण सम्पन्न गर्नु भएका मिङ्गमा अहिले सदनमा राष्ट्रिय स्वतन्त्र पार्टीका तर्फबाट समानुपातिक सांसदका रुपमा रहनु भएको छ।

विश्वको दोस्रो ठूलो केटु हिमाल पहिलो पटक हिउँदयाममा आरोहण गरेर पनि कीर्तिमान कायम गर्नुभएका मिङ्गमा ग्याबुले अहिले जारी रहेका संसदको बजेट अधिवेशनको छलफल जारी रहेको अवस्थामा सभामुखको अनुपस्थितिमा बैठकको अध्यक्षता गर्ने जिम्मेवारी पनि पाउनुभएको छ।

### कान्छा आरोही

सोलुखुम्बुको थुलुङ दुधकोशी लोखिमका १६ वर्षिय छिरिङ पासाङ शेर्पाले आफ्नो बाबु तथा आमाको पदचिन्हलाई पछ्याउँदै शिखरमा सफलता प्राप्त गर्नु भएको छ। माउण्टेन बाईक डाउनहिलका खेलाडी छिरिङका बाबु ल्हाक्पा तेम्बा शेर्पाले तीन पटक सगरमाथा चढिसक्नु भएको छ भने आमा डोल्मा लामाले चार वर्षअघि सगरमाथा चढनु भएको थियो।

### अन्य उल्लेखनीय सफलता

पर्वतारोही छुल्दिम आङदोर्जी शेर्पा २५ पटक सगरमाथाको चुचुरोमा पुग्न सफल भए छन्। यसैगरी अर्का पर्वतारोही पेमाछिरिङ शेर्पाले पनि २५ पटक नै शिखरमा पुगेका छन्। उहाँहरुको पछिपछि रहनुभएका दोर्जी ग्याल्जेन शेर्पाले २४औं पटक आरोहण गर्नु भएको छ। यो सिजनमा पनि नेपालीका साथै विभिन्न देशका आरोहीले विभिन्न कीर्तिमान कायम गरेका छन्।

### दुःखद् अवसान

सगरमाथामा आरोहणकै क्रममा दुःखद् निधन हुनेहरुको संख्या पनि सानो छैन। सन् २०२५ सम्ममा ३३९ जनाभन्दा बढीको निधन भैसकेको तथ्याङ्क रहेको छ। यसपटक विभिन्न हिमालमा केही आरोहीको दुःखद् निधन हुन पुग्यो। हालसम्ममा सात जना आरोहीको आरोहणका क्रममा ज्यान गएको छ, जसमध्ये सगरमाथामा पाँच जना र मकालु र मकालु दोस्रोमा एक–एक जनाको निधन भएको थियो। सगरमाथाको तेस्रो शिवर नजिकै खाल्डोमा खसेर सोलुखुम्बुको थामेका २१ वर्षीय फुर्बा ग्याल्जेन शेर्पाको निधन भएको थियो।

यस्तै सोलुखुम्बुको सोलु दूधकुण्ड नगरपालिका निवासी दलित समुदायका पहिलो सगरमाथा आरोही ३५ वर्षिय विजय घिमिरे विश्वकर्माको खुम्बु आइसफलमा निधन भएको थियो। सोलुखुम्बुकै गुदेलका ५२ वर्षिय लाक्पा डेन्डी शेर्पाको भने गोरक्षेपबाट सगरमाथा आधार शिविरसम्म पदयात्रा गर्ने क्रममा लडेर निधन भएको थियो। पछिल्लो पटक दुईजना भारतीय आरोहीको सगरमाथा चढेर फर्कने क्रममा दुःखद् निधन भएको थियो। निधन हुनु भएकाहरुमा ५३ वर्षिय अरुणकुमार तिवारी र ४६ वर्षिय सन्दिप ऐरी हुनुहुन्थ्यो।

### अर्बौं राजस्व सङ्कलन

नेपाल सरकारले हिमाल आरोहणका लागि अनुमति प्रदान गरेर करिब एक अर्ब २६ करोड रुपैंया राजस्व सङ्कलन गरेको छ, जसमध्ये सबैभन्दा बढी सगरमाथा आरोहण अनुमतिबाट करिब एक अर्ब आठ करोड रुपैंया प्राप्त भएको थियो। सगरमाथा आरोहणका लागि बिदेशी आरोहीले प्रतिव्यक्ति १५ हजार अमेरिकी डलर राजस्व तिर्नु पर्दछ। नेपाली आरोहीले भने प्रतिव्यक्ति एक लाख ५० हजार रुपैंया सरकारलाई बुझाउनु पर्ने नियम रहेको छ।

नेपालको पर्वतारोहण क्षेत्रले विश्वमा आफ्नो विशिष्ठ पहिचान बढाउँदै दरिलो आर्थिक स्रोत जुटाएर मुलुकको अर्थतन्त्रलाई नै उल्लेखनीय सहयोग गर्दै आइरहेको छ। यस क्षेत्रले आरोहण दस्तुरबापत वर्षेनी सङ्कलन गर्ने गरेको अर्बौं रुपैयाँका साथै सयौं सर्वसाधारणलाई रोजगार दिलाएर उल्लेखनीय कार्य गर्दै आइरहेको छ। हाल लाखौं नेपालीहरु रोजगारका लागि विदेसिएको वर्तमान अवस्थामा पर्वतीय पर्यटन मुलुकमै काम गरेर गुजारा गर्ने माध्यम बनिरहेको छ।

सहासी पथ प्रदर्शकको परिचय बनाएका नेपाली शेर्पाहरुले असाधारण क्षमताका साथ कठिन चुनौती व्यहोर्दै आइरहेका छन्। पर्वतारोहणका सिलसिलामा ज्यान समेत जानसक्ने जोखिम बारे जानकार हुँदाहुँदै पनि उनीहरुले विश्वका विभिन्न मुलुकका पर्वतारोहीहरुले सपना पूरा गर्न नेतृत्वदायी भूमिका खेल्दै आइरहेका छन्। हिमाल चढ्ने काम खतराजनक भए पनि कीर्तिमानी आरोहीहरुलाई नेपालमा खासै सम्मान तथा सुविधा नभएको आवाज विगतदेखि नै उठ्दै आइरहेको छ। यसका लागि सरकारले नै नीतिगत रुपमा निर्णय लिएर कीर्तिमानीहरुको सम्मानका लागि अग्रसरता लिनु जरुरी भएको महसुस गरिएको छ। कीर्तिमानी आरोहीहरुलाई बिमानस्थल, अस्पताललगायतका सार्वजनिक स्थलहरुमा सामान्य सुविधा मात्र प्रदान गर्न सकिएको खण्डमा उनीहरुले आफूलाई सम्मानीत महसुस गर्नसक्ने अवस्था सिर्जना हुन सक्थ्यो। यसबाट कीर्तिमानीहरु विदेश पलायन हुनबाट पनि रोक्न केही योगदान पुग्न जाने अपेक्षा गर्न सकिन्थ्यो।

यस वर्ष सगरमाथा आरोहण गर्नेहरुको संख्यामा उल्लेखनीय वृद्धि हुनु मुलुकका लागि सकारात्मक उपलब्धि हो। यो वर्षको सफलताले आगामी वर्ष सगरमाथामा आउन चाहनेहरुको संख्या पक्कै बढ्ने सङ्केत मिलेको छ तर आरोहणको गरिमालाई जोगाउन सरकारले यथोचित नीति तर्जुमा गर्नुपर्ने आवश्यकता महसुस गरिएको छ। सगरमाथामा देखिएको ट्राफिक जामलाई कसरी व्यवस्थापन गर्न सकिन्छ भन्नेतर्फ पनि विशेष ध्यान दिनुपर्ने देखिएको छ। एकै सिजनमा सफल आरोहीहरुको संख्या ह्वात्तै बढेपछि सगरमाथा चढन सजिलो छ भन्ने भाष्य स्थापित नहोस् भन्नेतर्फ सचेत हुनुपर्ने अवस्था सिर्जना भएको छ। अब सगरमाथा आरोहण गर्नका लागि आवश्यक मापदण्डको समय अनुसार परिमार्जन गर्नु पर्ने देखिएको छ। यसैगरी हिमालमा सङ्कलन भएका अर्बौं रुपैंयाँ राजस्व हिमालमा आरोहणका सिलसिलामा निधन भएकाहरुको परिवारको उचित जीविकोपार्जन साथै हिमाली क्षेत्रको तत्काल आवश्यकता अनुसारका क्षेत्र विकासमा खर्च गर्नुपर्ने आवश्यकता महसुस गरिएको छ।

सगरमाथा आरोहणको मौसम समाप्त भैरहेको अवस्थामा आरोहीहरु सुखद सम्झना लिएर विश्वका विभिन्न कुनामा रहेका आआफ्ना घर फर्किदै छन्। उनीहरुको माध्यमबाट विभिन्न देशमा पुगेका सगरमाथाका जीवन्त तस्बिर र भिडियोले नेपालको प्राकृतिक सौन्दर्यप्रति आकर्षित हुनेहरुको संख्या अझै बढ्न जाने सहजै अपेक्षा गर्न सकिन्छ। यस सन्दर्भमा यसपालिको बसन्त ऋतु अन्यन्त सफल सिजन बन्न गएको अनुभव गरिएको छ तर सगरमाथाको साखलाई यथावत राखेर यसलाई फोहरको डङ्गुर बन्न नदिनेतर्फ पनि सचेतता महत्वपूर्ण मानिएको छ। आरोही टोलीले सगरमाथाको आधारशिविरका साथै विभिन्न उचाईमा स्थापना गरेका शिविरमा उत्पन्न गरेको फोहरको उचित व्यवस्थापनका लागि सम्बन्धित सबैले सक्रियता जनाएर सगरमाथाको वातावरणीय स्वच्छता कायम गर्न एक्यबद्धता जनाउनु जरुरी ठानिएको छ। रासस

मधेशदृष्टि दैनिकमा समाचार सामग्री, लेख, विचार र टिप्पणी madheshdristi@gmail.com मा इमेल पठाउन सक्नुहुनेछ। मधेशदृष्टि दैनिक राससको नियमित ग्राहक हो। बिहान ४:५० बजे नै www.emadheshdristi.com मा पत्रिकाको पिडिएफ उपलब्ध छ।

# उत्पादन वृद्धि गर्न सरकार प्रतिबद्ध छः कृषिमन्त्री

**काठमाडौं ।**
कृषि, वन तथा पर्यावरणमन्त्री गीता चौधरीले ग्रामीण अर्थतन्त्रको पुनर्जीवनलाई सरकारले उच्च प्राथमिकतामा राखेको बताएकी छन् । शुक्रबार शितलनिवासमा आयोजित राष्ट्रिय उत्कृष्ट कृषक पुरस्कार कार्यक्रम कृषक कार्यक्रमलाई सम्बोधन गर्दै उनले कृषकलाई सम्मान र सहुलियत प्रदान गर्दै कृषि क्षेत्रको आधुनिकीकरण र व्यवसायीकरणमार्फत उत्पादन तथा उत्पादकत्व वृद्धि गर्ने कार्यक्रमलाई अगाडि बढाइन सरकार प्रतिबद्ध रहेको बताएकी हुन् ।
मन्त्री चौधरीले सीमित साधन र स्रोतका बाबजुद सरकारले मल, बिउ, सिँचाइ, प्राविधिक सेवा, पशुपन्छीलाई खोप, कृषि पूर्वाधार, कृषि यान्त्रीकरण तथा बाली र पशुधन बीमाजस्ता क्षेत्रमा सहुलियत उपलब्ध गराउँदै आएको समेत बताइन् । यद्यपि कृषकहरूले अझै पनि विभिन्न चुनौती झेल्नुपरेको विषयमा मन्त्रालय गम्भीर र सचेत रहेको उनको भनाइ छ ।

# गणतन्त्रलाई अझ सुदृढ बनाउनुपर्छः प्रदेश प्रमुख



**बागमती ।**
बागमती प्रदेश प्रमुख दीपकप्रसाद देवकोटाले शासन प्रणालीमा आमनागरिकको सहज पहुँच र राज्यबाट प्राप्त हुने प्रतिफलको समन्यायिक वितरणले नै गणतन्त्रलाई सुदृढ बनाउन सकिने बताएका छन् । गणतन्त्र दिवसको अवसरमा बागमती प्रदेश गणतन्त्र मूलसमारोह समितिद्वारा शुक्रबार आयोजित कार्यक्रममा उनले सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थाको माध्यमबाट मुलुकको राष्ट्रिय एकता, भौगोलिक अखण्डता र सार्वभौमिकतालाई अक्षुण्ण राख्दै दिगो शान्ति, सुशासन, विकास र समृद्धिको आकांक्षा पूरा गर्नु हामी सबैको साझा दायित्व भएको बताए ।
गणतन्त्र दिवसले सबैलाई आपसी सद्भाव, भ्रातृत्व र एकताको सूत्रमा बाँध्न थप ऊर्जा र प्रेरणा मिलोस् भनी कामना गर्दै प्रदेश प्रमुख देवकोटाले गणतन्त्र स्थापनाका लागि आफ्नो अमूल्य जीवन उत्सर्ग गर्ने सम्पूर्ण सहिदप्रति श्रद्धाञ्जली अर्पण गरे । रासस

# उज्यालो पार्टी र हाम्रो पार्टी नेपालबीच एकता



**काठमाडौं ।**
कुलमान घिसिङ नेतृत्वको उज्यालो नेपाल पार्टी र हाम्रो पार्टी नेपालबीच एकता भएको छ । शुक्रबार त्रिपुरेश्वरस्थित उज्यालो नेपाल पार्टीको केन्द्रीय कार्यालयमा दुवै पक्षबीच सातबुँदे सहमति पत्रमा हस्ताक्षर भएको हो ।
समान अठोट बोकेका शक्तिहरूको सहकार्यमार्फत राष्ट्रसेवाको साझा लक्ष्य हासिल गर्ने भन्दै दुई दलले पार्टी एकता गरेको जनाएको छ । पार्टी समायोजन सहमति पत्रमा उज्यालो नेपाल पार्टीका महासचिव धर्म चौधरी र हाम्रो पार्टी नेपालका महामन्त्री दधिराम परियारले हस्ताक्षर गरेका छन् । सहमतिअनुसार दुवै पार्टीले जनआन्दोलनको मर्म, सामाजिक न्याय, समावेशिता र समानुपातिक प्रतिनिधित्वको मुद्दालाई साझा राजनीतिक एजेण्डाका रूपमा अघि बढाउने भएका छन् । साथै भ्रष्टाचार र कुशासनविरुद्ध संयुक्त रूपमा संघर्ष गर्ने प्रतिबद्धता जनाइएको छ ।

# गणतन्त्र सङ्घर्षको उपजः मुख्यमन्त्री आचार्य

**लुम्बिनी ।**
लुम्बिनी प्रदेशका मुख्यमन्त्री चेतनारायण आचार्यले न्याय, समानता, समावेशिता र समृद्धिको मार्गमा एकताबद्ध भएर अघि बढ्न सबैलाई आह्वान गरेका छन् । उन्नाइसौँ गणतन्त्र दिवसको अवसरमा शुक्रबार एक शुभकामना सन्देश जारी गर्दै मुख्यमन्त्री आचार्यले गणतन्त्र नेपाली जनताको लामो सङ्घर्ष, त्याग, बलिदान र जनआन्दोलनको उपज भएको चर्चा गरे । मुख्यमन्त्री आचार्यले गणतन्त्रको संरक्षण र प्रभावकारी कार्यान्वयन आजको आवश्यकता भएको बताए ।
उनले लुम्बिनी प्रदेश सरकारले सुशासन, सेवा प्रवाह सुधार र जनउत्तरदायी शासनलाई केन्द्रमा राखेर काम गरिरहेको जानकारी दिर्दै युवालाई स्वरोजगार र उद्यमशीलतातर्फ आकर्षित गर्ने, कृषिको आधुनिकीकरण, पर्यटन प्रवद्र्धन, पूर्वाधार विकास, शिक्षाको गुणस्तर सुधार तथा स्वास्थ्य सेवाको पहुँच विस्तारलाई प्रदेश सरकारले प्राथमिकतामा राखेको बताए । रासस

# राजनीति परिवर्तनले मात्र युगका अपेक्षा पूरा हुँदैनन्ः राष्ट्रपति

**काठमाडौँ ।**
राष्ट्रपति रामचन्द्र पौडेलले राजनीतिक व्यवस्था र शासकीय संरचनामा हुने परिवर्तनबाट मात्र युगका अपेक्षा पूरा नहुने बताएका छन् । गणतन्त्र दिवसका अवसरमा सैनिक मञ्चमा शुक्रबार आयोजित विशेष समारोहमा उहाँले त्यसका लागि राज्यसत्ताको चरित्र, आचरण, राजनीतिक निष्ठा र मूल्यमान्यतामा पनि परिवर्तन ल्याउन आवश्यक भएको बताए । अन्यथा, व्यवहारले राजनीतिक परिवर्तनलाई पुष्टि गर्दैन, राष्ट्रपति पौडेलले भने ।
गणतन्त्रको मर्यादालाई बचाउन र यसलाई अझ समृद्ध बनाउन राजनीतिक निष्ठा, मूल्यमान्यता एवं आचरणमा परिवर्तनसहित एकताबद्ध भएर लाग्नुपर्नेमा उनले जोड दिए । यसका आफ्नै मूल्यमान्यता र नैतिक दायराहरू हुन्छन्, त्यसलाई बिर्सिएर हामीले इतिहासको अभिभारा पूरा गर्न सक्दैनौँ, राष्ट्रपतिले भने । सामाजिक न्याय, विकास र समृद्धि सङ्घीय लोकतान्त्रिक गणतन्त्रको उच्चतम र सार्थक अभ्यासमा अगाडि बढ्न तथा राजनीति, राज्य र राजकाजलाई नैतिकता, निष्ठा र मूल्यमान्यताको सीमाभित्र आबद्ध गर्न आजका दिनले प्रेरणा दिने उनले विश्वास व्यक्त गरे ।
मुलुकमा उत्पन्न विषम परिस्थितिपछि प्रतिनिधिसभा निर्वाचन सफलतापूर्वक सम्पन्न भएर बलियो जनादेशसहितको सरकार बनेको उल्लेख गर्दै राष्ट्रपति पौडेलले जनचाहनाअनुसार समृद्धिका लागि सुशासन, सार्वजनिक सेवा प्रवाहमा सुधार, आर्थिक पुनरुत्थान, भ्रष्टाचारविरुद्ध शून्य सहनशीलता र सामाजिक उन्नतिलाई आफ्नो आधारभूत मार्गदर्शनका रुपमा अगाडि बढाउने निर्णय गरेको बताए । उनले शासकीय सुधारका एक सय कार्यसूचीलाई पूर्ण कार्यान्वयन गर्दै सीमारहित अर्थतन्त्र, तौलरहित व्यापारको निमित्त संरचनागत र कानूनी सुधार गर्ने सरकारको निर्णय कार्यान्वयन भई जनतामा आशा जागृत हुने विश्वास व्यक्त गरे ।



ढिलासुस्ती, अनियमितता र बेथिति प्रमुख सत्रु भएको जनाउँदै राष्ट्रपतिले लोकतान्त्रिक गणतन्त्रको सुन्दर सपना बोकेका नागरिकलाई यीनै वेथितिले निराश नबनाउने भन्नेतर्फ ध्यान दिनुपर्ने बताए । जबसम्म प्रत्येक नागरिकका जीवनमा आशाको दियो बल्नेछैन, त्यो बेलासम्म हामीले रगत र पसिनासँग साटेको सङ्घीय लोकतान्त्रिक गणतन्त्रको लक्ष्य पूरा हुँदैन, राष्ट्रपतिले भने । नागरिकले सुशासनसहितको समृद्धि खोजिरहेको भन्दै उनले यसका लागि हाम्रा स्रोतको उच्चतम् प्रयोग गर्न आवश्यक भएको बताए । 'आर्थिक विकास र समृद्धिबाट शासन व्यवस्थालाई नागरिकको जीवनसँग जोड्न सक्छौँ, यो नै आजका लागि हाम्रो ऐतिहासिक अभिभारा हो', उनले भने । परिवर्तनलाई नागरिकको जीवनसँग जोड्न राजनीतिक उपलब्धि मात्रै पर्याप्त नहुने भन्दै राष्ट्रपतिले शासकीय चरित्रसँगै राजनीति, पार्टी र नेताको चरित्रलाई पनि बदल्नुपर्ने धारणा व्यक्त गरे । "गणतन्त्रको उत्कृष्टताको सार्थकता प्राप्त गर्न हाम्रो राजनीति, हाम्रो शासकीय शैली, राजनीतिक दल र जनप्रतिनिधिमूलक संस्थाहरूलाई पूर्ण लोकतान्त्रिक, निष्पक्ष, प्रतिस्पर्धात्मक, न्यायपूर्ण र प्रभावकारी बनाउन ढिलो गर्न हुन्न भन्ने म ठान्दछु, उनले भने । राष्ट्रपति पौडेलले प्राप्त उपलब्धिलाई सबल बनाउन सम्पूर्ण त्याग र विनयशीलताका साथ प्रयत्न गर्नुपर्नेमा जोड दिए । उनले राजनीतिक अधिकारको जगमा सामाजिक न्यायसहितको आर्थिक र सामाजिक समृद्धि सुनिश्चित गर्नुपर्ने धारणा राखे ।
हाम्रा राजनीतिक दल, हाम्रो सरकार, हाम्रो नेतृत्व सृजनशील, विनयशील र जनउत्तरदायी तथा चरित्रवान र आचरणशील हुनैपर्दछ, हाम्रा शासकीय संरचना र राज्यअङ्गहरूलाई गतिशील र परिणाममुखी बनाउनै पर्दछ, हामीले सशासनको प्रत्याभूति दिनै पर्दछ, राष्ट्रपतिले भने ।
राष्ट्रपति पौडेलले स्थानीय र प्रदेश सरकारले संविधानबमोजिमको जिम्मेवारी निर्वाह गरिरहेको उल्लेख गर्दै शासकीय व्यवस्थामा जनताका घरआँगनबाट सार्वभौमिकताको अभ्यास भइरहेको बताए । नागरिकको गुनासो भए शासकीय संरचनाबाट नै सम्बोधन गर्न सकिने उदार, उन्नत लोकतान्त्रिक अभ्यास भइरहेको छ, यसले लोकतन्त्रको जग बलियो बनाउँछ, उनले भने । रासस

# सगरमाथा नेपालको गौरव होः मन्त्री पौडेल

**काठमाडौँ ।**
संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री खडकराज पौडेलले सगरमाथा हिमाल मात्र नभएर हाम्रो पहिचान र गौरवको प्रतीक भएको बताएका छन् । पर्यटन विभाग र नेपाल पर्यटन बोर्डको आयोजनाद्वारा आज यहाँ आयोजित कार्यक्रममा उहाँले सगरमाथा आरोहण शारीरिक चुनौती मात्र नभई साहसको प्रतीक भएको विचार प्रकट गरे । मन्त्री पौडेलले भने,संसारका सबै धर्ममा हिमाल र यात्राको ठूलो महत्व रहेकोछ । हिमाल आरोहण गर्नु भनेको आफ्नै श्वासप्रश्वास गन्नु र ध्यान मग्न हुनु पनि हो ।
कीर्तिमानी आरोही कामीरिता शेर्पा, लाक्पा शेर्पा र मिङ्मा शेर्पालगायतका साहसिक कदमको प्रशंसा गर्दै उनले भने, 'कामीरिताको सगरमाथा आरोहणको रेकर्ड सम्पूर्ण मानवताकै लागि गौरवको विषय हो' ।
नेपालको पर्यटन र समृद्धिको मुख्य आधार हिमाल भएकाले यसको संरक्षण र सम्वद्र्धन गरेर मात्रै



राष्ट्रिय स्वाभिमान र आर्थिक विकास सम्भव हुने मन्त्री पौडेलले बताए । जलवायु परिवर्तनको असरले बढ्दोरुपमा हिउँ पग्लिँदै जाँदा हिमताल नै जोखिम पर्न गई तटीय क्षेत्रका बस्ती र खानेपानीका मुहानमा प्रत्यक्ष असर परिरहेको उल्लेख गर्दै उनले हिमालको सुरक्षा गर्नु नेपालको मात्र नभई सम्पूर्ण विश्वकै समुदायकै दायित्व भएको बताए । संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयका सचिव मुकुन्दप्रसाद निरौलाले पर्यटनसम्बन्धी ऐनको समयानुकूल परिमार्जनले पर्वतारोहण क्षेत्रका धेरै समस्याहरू समाधान हुने विश्वास व्यक्त गरे । पर्यटन विभागका महानिर्देशक रामकृष्ण लामिछानेले नेपालका हिमाल अरोहणमा विदेशीको मोह बढ्दै गएपछि उनीहरुको समन्वय र सहजीकरणमा विशेष ध्यान दिइएको बताए । हाल नेपालको पर्वतीय पर्यटन खुम्बु, अन्नपूर्ण र कञ्चनजङ्घा क्षेत्रमा मात्र केन्द्रित रहेकाले आगामी दिनमा कर्णाली र सुदूरपश्चिम क्षेत्रमा समेत विकास र विस्तार गरिने उनले जानकारी दिए ।
यस वर्ष सगरमाथा आरोहणका लागि मात्र ४९६ जनाले अनुमति लिएकामा त्यसबाट राज्यले राजस्व मात्र प्राप्त गरेको नभई देशको अर्थतन्त्र, कूटनीति र सामाजिक विकासमा योगदान पु¥याइरहेको बताए ।
नेपाल पर्वतारोहण सङ्घ (एनएमए)का अध्यक्ष फुर ग्याल्जे शेर्पाले देशको पहिचान र नीतिकारुपमा रहेका हिमालको संरक्षण गर्ने दायित्व हामी सबैको भएको बताए ।

**आरोहीलाई सम्मान**
कार्यक्रममा विश्वको सर्वोच्च शिखरसहित विभिन्न हिमालको आरोहण गरी विश्व कीर्तिमान राख्ने आरोहीलाई सम्मान गरियो । त्यसअवसरमा एक लाख राशिको अन्तरराष्ट्रिय सगरमाथा आरोहण पुरस्कार ३१ पटक सगरमाथाको सफल आरोहण गर्ने आरोही पासाङ दावा शेर्पालाई तथा ५० हजार राशिको तेिञ्जन हिलारी पुरस्कार हेलिकप्टर पाइलट प्रिया अधिकारीलाई प्रदान गरियो ।
आरोही तेञ्जीङ डेभिड शेर्पालाई ५० हजार राशिको तेञ्जिङ हिलारी कीर्तिमानी पुरस्कार प्रदान गरिएको छ । एकै मनसुनमा तीनपटक सगरमाथा आरोहण गरी कीर्तिमान राख्ने आरोही पूर्णिमा श्रेष्ठलाई ५० हजार नगदसहित सम्मान गरियो । हिमालको अध्ययन र अनुसन्धान गर्ने प्राडा विशाल अधिकारीलाई ५० हजार नगदसहित सम्मान गरिएको छ ।
'सगरमाथाः नेपालको पहिचान र गौरव' भन्ने नाराका साथ आज मे २९ मा देश तथा विदेशमा ७३ औँ अन्तरराष्ट्रिय सगरमाथा दिवस मनाइँदैछ ।
सन् १९५३ मा तेन्जिङ नोर्गे शेर्पा र एडमन्ड हिलारीले पहिलोपटक विश्वको सर्वोच्च शिखर सगरमाथाको सफल आरोहण गरेको ऐतिहासिक दिनको स्मरणमा यो दिवस मनाइँदै आइएको हो । रासस

# संसद् लोकतान्त्रिक मूल्यमान्यता र राष्ट्रियहितको संरक्षण गर्ने प्रमुख मञ्च होः सभामुख

**काठमाडौँ ।**
सभामुख डोलप्रसाद अर्यालले संसद् केबल कानुन निर्माण गर्ने थलोमात्र नभई लोकतान्त्रिक मूल्यमान्यता, उत्तरदायित्व, संवाद, सहमति र राष्ट्रिय हितको संरक्षण गर्ने प्रमुख मञ्च भएको बताएका छन् । उन्नाइसौँ गणतन्त्र दिवसका अवसरमा आज शुभकामना सन्देश जारी गर्दै उनले लोकतन्त्रलाई थप सुदृढ, जिम्मेवार तथा परिणाममुखी बनाउने दिशामा संसद्को भूमिका अझ प्रभावकारी बनाउन आवश्यक रहेकामा जोड दिएका छन् ।
लोकतन्त्रको सुदृढीकरणबाट मात्र जनताले अपेक्षा गरेको सुशासन, भ्रष्टाचार नियन्त्रण र जनमुखी विकास प्राप्त हुने र राष्ट्र समृद्ध हुने उनको भनाइ छ । आजको दिन नेपाली जनताको लामो राजनीतिक सङ्घर्ष, त्याग, बलिदान, समर्पण तथा लोकतान्त्रिक आकाङ्क्षाको महत्वपूर्ण उपलब्धिका रूपमा इतिहासमा अङ्कित दिन हो", उनले भनेका छन्, "विसं २०६५ जेठ १५ गते संविधानसभाको पहिलो बैठकबाट सङ्घीय लोकतान्त्रिक गणतन्त्र नेपाल घोषणा हुनु नेपाली जनताको सार्वभौम अधिकार, लोकतान्त्रिक अभ्यास, समावेशी शासन प्रणाली तथा सामाजिक न्यायको दिशामा भएको ऐतिहासिक परिवर्तनको गर्वमय अभिव्यक्ति हो ।
सभामुख अर्यालले यस ऐतिहासिक अवसरमा लोकतन्त्र, गणतन्त्र, मानव अधिकार, समावेशिता, सामाजिक न्याय तथा प्रगतिशील परिवर्तनका पक्षमा भएका जनआन्दोलन, जनयुद्ध, मधेस आन्दोलन, आदिवासी जनजाति आन्दोलन, महिला आन्दोलन अन्य लोकतान्त्रिक सङ्घर्षमा आफ्नो जीवनउत्सर्ग गर्ने सम्पूर्ण ज्ञात–अज्ञात सहिदप्रति श्रद्धाञ्जली अर्पण गरेका छन् । साथै घाइते, बेपत्ता पीडित तथा आन्दोलनका सम्पूर्ण योद्धा, अभियन्ता र परिवर्तनका संवाहकप्रति पनि उनले उच्च सम्मान व्यक्त गरेका छन् ।
लोकतन्त्रको वास्तविक अर्थ नागरिकको जीवनस्तरमा सकारात्मक परिवर्तन, सामाजिक न्यायको प्रत्याभूति, अवसरको समान पहुँच, आर्थिक समृद्धि तथा सम्मानपूर्ण जीवनयापनको वातावरण निर्माणसँग यसको प्रत्यक्ष सम्बन्ध रहन्छ, उनले शुभकामना सन्देशमा उल्लेख गरेका छन् । प्रतिनिधिसभा जनताको सर्वोच्च प्रतिनिधिमूलक संस्था भएकाले जनभावना, जनचाहना तथा राष्ट्रिय आकाङ्क्षालाई नीति, कानुन र संसदीय अभ्यासमार्फत सम्बोधन गर्ने महत्वपूर्ण दायित्व निर्वाह गरिरहेको उनको भनाइ छ । गणतन्त्र दिवसले हामी सबैलाई राष्ट्रिय एकता, लोकतान्त्रिक संस्कार, संवैधानिक सर्वोच्चता, सामाजिक न्याय तथा विकसित नेपाल निर्माणको साझा राष्ट्रिय सङ्कल्पप्रति थप प्रतिबद्ध, प्रेरित र एकताबद्ध बनाउन सकोस् भन्ने शुभेच्छा व्यक्त गर्दै यस अवसरमा सबैमा हार्दिक मङ्गलमय शुभकामना व्यक्त गर्दछु, उनले भनेका छन् । रासस

# रुसी ड्रोन रोमानियामा खस्यो



**बुखारेस्ट ।**
युक्रेन युद्धको असर नाटो सदस्य राष्ट्र रोमानियासम्म पुगेको छ । युक्रेनमाथिको रातभरको रुसी आक्रमणसँग सम्बन्धित एक ड्रोन पूर्वी रोमानियाको आवासीय भवनमा खस्दा दुई जना घाइते भएका छन् । घटनापछि रोमानियाले नाटोसँग थप एन्टी–ड्रोन सुरक्षा क्षमता तत्काल उपलब्ध गराउन आग्रह गरेको छ । रोमानियाको रक्षा मन्त्रालयका अनुसार ड्रोनलाई देशको हवाई क्षेत्रमा राडारमार्फत निगरानी गरिएको थियो । त्यसपछि उक्त ड्रोन पूर्वी सहर गलाटीस्थित एउटा अपार्टमेन्ट भवनको छतमाथि खस्दा आगलागी भएको थियो । घटनामा दुई जनालाई सामान्य चोट लागेको छ भने भवनका धेरै बासिन्दालाई सुरक्षित स्थानमा सारिएको छ । डेन्यूब नदी किनारमा रहेको गलाटी सहर मोल्दोभा र युक्रेन सीमाको नजिक पर्छ । घटनापछि प्रहरी, आपत्कालीन सेवा र अन्य निकाय तत्काल परिचालित भएका थिए । रोमानियाली सेनाले दुई वटा एफ–१६ लडाकु विमान र एउटा हेलिकप्टर परिचालनको अनुमति दिएको थियो भने स्थानीय बासिन्दालाई सतर्कता सन्देश पठाइएको थियो । घटनालाई रोमानियाको विदेश मन्त्रालयले अन्तर्राष्ट्रिय कानूनको गम्भीर उल्लङ्घन भनेको छ । मन्त्रालयले नाटोसँग गठबन्धनको हवाई सुरक्षालाई मजबुत बनाउन तथा एन्टी–ड्रोन प्रणालीको तीव्र आपूर्तिको मागसमेत गरेको छ । युरोपेली आयोगकी अध्यक्ष उर्सुला भोन डेर लेयनले घटनाले 'रुसको युद्धले अर्को सीमा पार गरेको' देखाएको टिप्पणी गरेकी छन् । उनले युरोपेली भूभागको घना बस्ती भएको क्षेत्रमा रुसी ड्रोन खस्दा सर्वसाधारण घाइते भएको उल्लेख गर्दै युरोपेली सङ्घ (इयु) ले पूर्वी सीमाको सुरक्षा थप सुदृढ बनाउने र रुसविरुद्ध नयाँ प्रतिबन्ध प्याकेजको तयारी गरिरहेको जानकारी दिइन् । यसैबीच, युक्रेनी राष्ट्रपति भोलोदिमर जेलेन्स्कीले आफ्नो देशलाई थप प्याट्रियट हवाई प्रतिरक्षा प्रणाली उपलब्ध गराउन अमेरिकामाथि दबाव बढाइरहेको बताएका छन् । स्विडेन भ्रमणका क्रममा पत्रकारहरूसँग कुरा गर्दै उनले इरानसँग सम्बन्धित क्षेत्रीय तनावका कारण अमेरिकी हतियार भण्डार अन्यत्र मोडिँदा युक्रेनका लागि आवश्यक आपूर्ति खतरनाक रूपमा घट्दै गएको चेतावनी दिए । संयुक्त राष्ट्रसङ्घका महासचिव एन्टोनियो गुटेरेसले पनि युद्धको तीव्रता नियन्त्रणबाहिर जाने जोखिम रहेको भन्दै सुरक्षा परिषद्लाई सचेत गराए । उनका अनुसार यस वर्षको पहिलो चार महिनामा विगत तीन वर्षको सोही अवधिको तुलनामा बढी सर्वसाधारणको ज्यान गएको छ । उनले तत्काल तनाव घटाउने, कूटनीतिक प्रयास बढाउने तथा पूर्ण र बिना शर्त युद्धविराम लागू गर्न आह्वान गरेका छन् । रासस

# गङ्यौलाको मल उत्पादन गरी आत्मनिर्भर बन्दै सिंह

**कञ्चनपुर ।**
जिल्लाको भीमदत्त नगरपालिका–१९ बागफाँटाका ३९ वर्षीय महेशबहादुर सिंह व्यावसायिक गङ्यौलाको मल उत्पादन गरी आत्मनिर्भर बनेका छन् । पाँच वर्षअघिसम्म नेपाल कम्युनिष्ट पार्टी (एमाले)को राजनीतिमा सक्रिय रहेका उनको परिचय पछिल्लो समय फेरिएको छ । छोटो समयमा उनी जैविक मल उत्पादन गर्ने किसानमा अग्रस्थानमा छन् ।
राजनीतिप्रतिको वितृष्णा र राजनीतिभित्रको गुटबन्दीप्रति असन्तुष्टि व्यक्त गर्दै राजनीतिबाट टाढिएको बताउँदै सिंहले पछिल्लो समय गाउँमा कृषि र उत्पादनमूलक क्षेत्रमा जोडिएर जीविकोपार्जनका विकल्प खोजिएको उल्लेख गरे । डेढ वर्षअघिदेखि बागफाँटामा जमिन भाडामा लिएर गङ्यौलाको मल उत्पादनमा जुटेका उनले अहिले किसानका मागअनुसार मल पु¥याउन नसकिरहेको बताए ।
धनगढी, डडेल्धुरा र स्थानीयस्तरमा गङ्यौलाबाट बनेको मलको माग धेरै छ, सिंहले भने, 'गङ्यौलाको मलको प्रयोग खेतीबारीको उर्वरशक्ति बढ्नुका साथै त्यसबाट उत्पादन हुने खाद्यान्न प्रयोग स्वास्थ्यका लागि पनि फाइदाजनक मानिएको छ ।उनका अनुसार रु १५ लाख लगानी गरेर मल उत्पादनमा लाग्न सकिन्छ भने युवाका लागि मल उत्पादन रोजगारीको क्षेत्र बन्न सक्छ ।
अहिले टनको हिसाबले मल उत्पादन गरेर किसानको माग पूरा गरिरहेको छु, सिंहले भने, विस्तार बढाउँदै मेट्रिकटनसम्म उत्पादन गर्ने लक्ष्य छ ।' प्रतिकिलो रु २५ देखि ३० मा मल बिक्री भइरहेको जनाउँदै उनले केराखेती किसान, नर्सरी, कौसी तरकारी उत्पादन, फलफूल उत्पादन किसान मलका लागि धेरै आउने गरेका बताए । गङ्यौलाको मल प्रयोगले उत्पादन बढाउनुका साथै विषादीरहित उत्पादन हुन्छ, उनले भने, यसपाली मात्रै १०० क्विन्टल बिक्री भइसक्यो ।" उत्पादित मल किसानको खेतसम्मै पु¥याउँदै आएको उहाँले जानकारी दिए ।
रसायनमुक्त समाज निर्माण र गौशाला व्यवस्थापनमा जोड दिँदै आउनुभएका सिंहले बजार क्षेत्रबाट २५–३० वटा छाडा पशु लगेर गौशालासमेत सञ्चालन गरिरहेका छन् । 'छाडा चौपायाबाट मल उत्पादन हुन्छ, उक्त मललाई पनि उचित व्यवस्थापन गर्दै आएको छु, सिंहले भने, गौशाला सञ्चालन समाजमा केही सुधारका काम आफैँबाट गरौँ भने लागेर यो प्रयास थालेको हो ।'
आठ कट्ठा जमिन भाडामा लिएर वार्षिक रु ३० हजार तिर्ने गरेको सिंहले जानकारी दिए । गहुँतबाट अम्ल र गोबरबाट दाउरा, धूप, दियो उत्पादन गर्ने लक्ष्य पनि छ, उनले भने, गङ्यौलाको मलले माटोको उपचारसँगै उर्वराशक्ति बढाउँछ । धान जोन कार्यक्रमअन्तर्गत गङ्यौला मल उत्पादन तालिम लिएका सिंहले कृषिमा लाग्ने युवालाई सरकारले अनुदानसहित आवश्यक प्रोत्साहन गर्नुपर्नेमा जोड दिए ।
कञ्चनपुरमा केही स्थानमा मात्रै गङ्यौला मल उत्पादन हुने गरेको छ । रासायनिक मलभन्दा जैविक मल प्रयोगमा जोड दिनुपर्ने बताउँदै उनले रासायनिक मलले माटोको उर्वराशक्तिमा ह्रास ल्याउने र उत्पादन घट्दै जाने दाबी गरे ।
कञ्चनपुरमा सुरुआती चरणमा रहेको गङ्यौला मल उत्पादनलाई विस्तार गर्दै लैजानुपर्नेमा सिंहको जोड छ । यस प्रकारका उत्पादन र व्यवसायमा लाग्नेप्रति लक्षित कार्यक्रम स्थानीय तहले पनि ल्याउन आवश्यक छ, उनले भने, कृषि प्रदान मुलुकमा किसान जहिल्यै पीडित हुनु हुँदैन । किसानलाई राहत, अनुदानलगायत कार्यक्रममार्फत सहज र प्राविधिक कृषिमा प्रेरित गर्नु जरुरी छ । रासस



# काभा महिला भलिबलः नेपाललाई हराउँदै भारत तेस्रो स्थानमा



**काठमाडौँ ।**
घरेलु टोली नेपाललाई ३–१ को जित निकाल्दै भारतले सेन्ट्रल एसिया भलिबल एसोसिएसन (काभा) महिला भलिबल च्याम्पियनसिपमा तेस्रो स्थान हासिल गरेको छ । त्रिपुरेश्वरस्थित राष्ट्रिय खेलकुद परिषद् (राखेप) कभर्डहलमा भारतले सुरुआती दुई सेट २५–२२, २५–२३ ले आफ्नो पक्षमा पारेको थियो । तेस्रो सेटमा भने भारत १५–२५ ले पछाडि पर्‍यो । चौथो सेटमा २५–२२ ले आफ्नो पक्षमा पर्दै भारत तेस्रो स्थानमा रह्यो । प्रतियोगिताको उपाधिका लागि इरान र काजकिस्तान प्रतिस्पर्धा गर्नेछन् । सेमिफाइनलमा नेपाललाई इरान र भारतले काजकिस्तानसँग हार व्यहोरेका थिए ।

# इरान–अमेरिका युद्धविराम विस्तार

**वासिङ्टन ।**
तीन महिनादेखि जारी युद्धलाई ६० दिनका लागि युद्धविराम विस्तार गर्ने तथा इरानको आणविक कार्यक्रमसम्बन्धी नयाँ चरणको वार्ता सुरु गर्ने विषयमा अमेरिका र इरानका वार्ताकारहरूबीच अस्थायी सम्झौता भएको छ ।
तर इरानले भने अहिलेसम्म उक्त सम्झौताको औपचारिक पुष्टि गरेको छैन । अमेरिकी पक्षबाट उपराष्ट्रपति जेडी भान्सले सम्झौता भएको जानकारी दिएका छन् । यद्यपि राष्ट्रपति डोनाल्ड ट्रम्पले यसलाई अनुमोदन गर्ने वा नगर्ने विषय अझै स्पष्ट नभएको बताइएको छ । उनका अनुसार केही प्राविधिक तथा भाषागत बुँदाहरूमा छलफल जारी छ र अन्तिम सहमति अझै टुङ्गिएको छैन ।
सम्झौतासँगै हर्मुज जलघाँटीसम्बन्धी प्रावधानहरू पनि अगाडि सारिएको जनाइएको छ । प्रस्तावअनुसार इरानले उक्त सामरिक जलमार्गमा टोल लगाउने अधिकार प्रयोग गर्न नपाउने तथा ३० दिनभित्र त्यहाँ राखिएका सबै खानी हटाउनुपर्ने व्यवस्था समेटिएको छ । ती अधिकारीले सार्वजनिक रूपमा बोल्न अधिकार नभएकाले नाम नखुलाउने सर्तमा जानकारी दिएका हुन् । युद्धका क्रममा इरानले यो जलमार्ग प्रभावकारी रूपमा बन्द गरेपछि विश्व व्यापारमा प्रयोग हुने तेल र ग्यासको करिब पाँचौँ भाग प्रभावित भएको बताइएको छ ।
यसैबीच, अमेरिकाले इरानी बन्दरगाहहरूमा गरिएको नौसैनिक दबाब क्रमशः हटाउने र प्रतिबन्धहरू खुकुलो पार्दै इरानलाई थप तेल बिक्री गर्न अनुमति दिने तयारी गरेको छ । अमेरिकी अर्थमन्त्री स्कट बेसेन्टले सम्झौता अन्तिम भएपछि तेलको मूल्य छिट्टै घट्न सक्ने अनुमान व्यक्त गरेका छन् । यद्यपि, अमेरिकाले इरानी तेल बिक्रीसँग सम्बन्धित थप प्रतिबन्धहरू पनि लगाएको छ, जसले आर्थिक दबाब अभियान अझ विस्तार गरेको देखिएको छ ।
इरानले केही व्यावसायिक जहाजहरूलाई आवतजावत गर्न दिएको दाबी गरे पनि यस महिनामा औसत दैनिक जहाज आवागमन युद्धपूर्वको तुलनामा निकै घटेको छ । यसबीच इस्लामिक गणतन्त्रले केही जहाजबाट टोल पनि असुल गरेको आरोप छ र यसै सन्दर्भमा नयाँ औपचारिक नियन्त्रण निकाय स्थापना गरिएको उल्लेख गरिएको छ ।
सम्झौताको मुख्य संवेदनशील विषय इरानको अत्यधिक संवर्धित युरेनियम भण्डारण रहेको बताइएको छ । अन्तर्राष्ट्रिय आणविक ऊर्जा एजेन्सीका अनुसार इरानसँग ४४० . ९ किलोग्राम युरेनियम छ, जुन ६० प्रतिशतसम्म संवर्धित छ र यो हतियार–स्तर ९० प्रतिशतभन्दा केही तल मात्र रहेको प्राविधिक सीमा हो । वार्ताकारहरूले उक्त भण्डारणको भविष्यबारे प्रारम्भिक सहमति खोज्ने प्रयास गरिरहेको जनाइएको छ, जसको विस्तृत रूप आगामी वार्तामा तय हुने अपेक्षा गरिएको छ ।
उपराष्ट्रपति भान्सले आणविक सामग्री, संवर्धित भण्डार र संवर्धन प्रक्रियासम्बन्धी विषय अझै छलफलमै रहेको बताउँदै लामो समयसम्म असर पार्ने किसिमको समाधान खोज्ने प्रयास भइरहेको उल्लेख गरे । तर इरानले भने आफ्नो युरेनियम भण्डार पूर्ण रूपमा त्याग्ने प्रतिबद्धता अझै सार्वजनिक रूपमा जनाएको छैन । केही विश्लेषकहरूले उक्त भण्डारलाई चीन वा रुसजस्ता तेस्रो पक्षलाई जिम्मा दिने विकल्पबारे छलफल हुन सक्ने सङ्केत गरेका छन् । यद्यपि अमेरिकी राष्ट्रपति ट्रम्पले यस्तो योजनामा सहज नहुने स्पष्ट पारेका छन् ।
यता इरानले वार्तामा लेबनानमा इजरायली सैन्य कारबाही रोक्ने विषय पनि समावेश हुनुपर्ने अडान दोहो¥याएको छ । यसैबीच लेबनानको राजधानी बेरुत आसपास र दक्षिणी क्षेत्रमा भएको आक्रमणपछि तनाव अझ बढेको छ, जसमा कम्तीमा १४ जनाको मृत्यु भएको विवरण सार्वजनिक भएको छ ।
क्षेत्रीय सुरक्षाको अवस्था थप जटिल बन्दै जाँदा कुवेतले आफ्नो हवाई प्रतिरक्षा प्रणालीमार्फत इरानबाट प्रक्षेपित मिसाइल र ड्रोनहरू रोकिएको जनाएको छ । कुवेतको विदेश मन्त्रालयले यसलाई स्पष्ट आक्रमण भन्दै निन्दा गरेको छ भने अमेरिकी सेन्ट्रल कमान्डले यसलाई गम्भीर युद्धविराम उल्लङ्घनको रूपमा व्याख्या गरेको छ ।
अमेरिकी अधिकारीहरूका अनुसार हालैका दिनहरूमा इरानमाथि थप कारबाही गरिएको छ । यसमा ड्रोनहरू खसाल्ने र केही सैन्य संरचनामा आक्रमण गर्ने कार्य पनि समावेश छ । इरानले भने आफ्ना रिभोलुसनरी गार्डमार्फत प्रतिकारात्मक आक्रमण गरेको जनाएको छ । यद्यपि त्यसको विस्तृत लक्ष्यबारे स्पष्ट जानकारी दिएको छैन ।
अस्थायी सम्झौताको विवरण पहिले समाचार संस्था एक्सियोसले सार्वजनिक गरेको थियो ।
यद्यपि दुवै पक्षले आंशिक सहमति र आंशिक असहमतिको अवस्थामा वार्ता जारी राखिरहेका छन् । अमेरिकी उपराष्ट्रपति भान्सका अनुसार युद्धविराम पूर्ण रूपमा स्थिर नभए पनि हालसम्म 'धेरै हदसम्म टिकिरहेको' छ र वार्ता निरन्तर अगाडि बढिरहेको छ । पछि बिहीबार इरानको प्रतिरक्षा प्रणालीले दक्षिणी सहर जाम नजिकै एक 'शत्रुतापूर्ण विमान' नष्ट गरेको दाबी गरिएको छ । स्थानीय अधिकारीहरूका अनुसार घटनाबारे थप विवरण तत्काल उपलब्ध नभए पनि क्षेत्रीय तनाव अझै उच्च अवस्थामा रहेको छ । रासस



# कम्पनी खारेजी प्रक्रिया सहज र झन्झटमुक्त बनाइने




**काठमाडौँ ।**
सरकारले उद्योगी व्यवसायीहरूका लागि व्यवसायबाट बाहिरिने (एक्जिट पोलिसी) प्रक्रियालाई अत्यन्तै सरल र सहज बनाउने घोषणा गरेको छ । संघीय संसद्को संयुक्त बैठकमा आगामी आर्थिक वर्ष २०८३÷८४ को वार्षिक बजेट प्रस्तुत गर्दै अर्थमन्त्री डा. स्वर्णिम वाग्लेले कम्पनी खारेजी (लिक्विडेसन) को विद्यमान झन्झटिलो व्यवस्थालाई सुधार गर्दै नलम्बिने र पारदर्शी बनाइने घोषणा गरे ।
यसअघि सञ्चालनमा आउन नसकेका वा बन्द गर्नुपर्ने अवस्थामा पुगेका कम्पनीहरूलाई औपचारिक रूपमा बन्द गर्न वर्षौंसम्म कुर्नुपर्ने र अनेकौं कानुनी तथा प्रशासनिक जटिलता झेल्नुपर्ने बाध्यता थियो । जसका कारण लगानीकर्ताहरू थप ऋण र मानसिक दबाबमा पर्ने गरेका थिए । निजी क्षेत्रले यो झन्झटिलो प्रक्रियालाई सच्याउन लामो समयदेखि माग गर्दै आएको थियो । यो व्यवस्था लागू भएसँगै व्यवसाय असफल भएका वा बन्द गर्न चाहने उद्यमीहरूले कानुनी उल्झन विना सहजै आफ्नो दायित्व फराकफाक गरी नयाँ व्यवसाय वा लगानीतर्फ केन्द्रित हुन पाउने विश्वास सरकारले लिएको छ । रासस

# फलफूलका बिरुवा उत्पादनमा १५ प्रतिशत वृद्धि, स्याउका ७ नयाँ जात सूचीकृत

**काठमाडौँ ।**
नेपालमा फलफूल खेतीको क्षेत्रफल र उत्पादनमा क्रमिक सुधार हुँदै गएको पाइएको छ । आर्थिक सर्वेक्षण २०८२÷८३ का अनुसार आर्थिक वर्ष २०८१÷८२ मा फलफूल उत्पादन र बिरुवा वितरण अवस्था सुधारोन्मुख देखिएको हो ।
गत आव २०८१÷८२ मा मुलुकभरि कुल १ लाख ४३ हजार ३ सय ८३ हेक्टर क्षेत्रफलमा फलफूल खेती गरिएको थियो, जसबाट १५ लाख १२ हजार ८ सय ५ टन फलफूल उत्पादन भएको थियो ।
चालु आव फलफूल खेती गरिएको क्षेत्रफलमा सामान्य वृद्धि भई १ लाख ४६ हजार ९ सय ३२ हेक्टर पुग्ने अनुमान गरिएको छ । यसबाट उत्पादन पनि बढेर १५ लाख ५० हजार ६ सय २५ टन पुग्ने र उत्पादकत्व प्रतिहेक्टर १०.५५ टन रहने प्रक्षेपण गरिएको छ ।
फलफूल क्षेत्र विकासका लागि राष्ट्रिय फलफूल विकास केन्द्र र नेपाल कृषि अनुसन्धान परिषद् (नार्क) को सहकार्यमा स्याउका सात वटा स्थानीय तथा नयाँ जात दर्ता भएका छन् ।
दर्ता भएका जातमा गोल्डेन डेलिसियस, रोयल डेलिसियस, रेड डेलिसियस, रिचा रेड डेलिसियस, स्टार्स स्पर गोल्ड, स्टार क्रिमसन डेलिसियस र ब्राइट एन अर्ली छन् । यी नयाँ जात विस्तारसँगै स्वदेशी स्याउ उत्पादनमा थप टेवा पुग्ने विश्वास गरिएको छ ।
सरकारी फार्म केन्द्रहरूबाट फलफूलका बिरुवा उत्पादनमा पनि तीव्रता दिइएको छ । आव २०८१÷८२ मा विभिन्न सरकारी फार्मबाट सुन्तला जातका १ लाख १२ हजार २ सय ३५, वर्षे फलफूलका २ लाख ४२ हजार ७ सय ८१ र हिउँदे फलफूलका ३४ हजार २ सय १२ गरी कुल ३ लाख ८९ हजार २ सय २८ बिरुवा उत्पादन भएका थिए ।
चालु आव बिरुवा उत्पादनमा १५.६१ प्रतिशतले वृद्धि गर्ने लक्ष्य राखिएको छ । यस वर्ष करिब ४ लाख ५० हजार गुणस्तरीय फलफूलका बिरुवा उत्पादन गरी किसानलाई वितरण गर्ने सरकारको योजना छ । रासस

# बजेट २०८३/८४:

# यस्ता छन् नयाँ नारा, कार्यक्रम र घोषणा

**काठमाडौँ ।**
सङ्घीय संसद्को संयुक्त बैठकमा अर्थमन्त्री डा स्वर्णिम वाग्लेले शुक्रबार प्रस्तुत गरेको बजेटमा नवीन घोषणा र कार्यक्रम ल्याइएको छ । आगामी आर्थिक वर्ष २०८३/८४ को राजस्व र व्ययको वार्षिक अनुमान (बजेट) पेस गर्दै अर्थमन्त्री डा वाग्लेले बजेट प्रस्तुतिको शैलीमा परिवर्तन गरेका छन् । उनले यो बजेटलाई नागरिकसँग गरिएको करारको कार्य प्रारम्भ भनेका छन् ।

हालसम्मका अर्थमन्त्रीले पृष्ठभूमि र बजेटका उद्देश्य तथा प्राथमिकताबाट बजेट वक्तव्य प्रस्तुति आरम्भ गर्ने गरेकामा अर्थमन्त्री डा वाग्लेले जेनजी आन्दोलन र निर्वाचनलाई विपुल जनादेशको सङ्ज्ञा दिँदै कर व्यवस्थाको सुधारबाट आरम्भ गरेका छन् । चालु आवको बजेटमा करका दरमा व्यापक पुनरावलोकन गरिएको छ । अर्थमन्त्री डा वाग्लेले अर्थतन्त्रको स्वरुप फेर्ने र पत्यारिलो नीतिगत प्रबन्धको घोषणा गरेका छन् । अन्तःशुल्क र अनावश्यक ३१ संरचना खारेज गरिएको छ । पूर्वाधार क्षेत्रमा फड्को मार्न 'सन सेट' कानुन ल्याउने, केही नेपाल ऐनमार्फत असान्दर्भिक कानुन खारेज गरिने भएको छ ।

विकास र वातावरणबीच सामाञ्जस्य गर्ने प्रस्ताव गरिएको बजेटमा अश्वर वण्ड, एआइ फ्याक्ट्री, मातृभूमि कोष, रुग्ण उद्योगलाई निजी सरकारी साझेदारी, सूचना प्रविधिको विस्तारमा अर्जुनदृष्टि, नेपाललाई 'टेक हब'जस्ता नयाँ कार्यक्रम राखिएका छन् । यस्तै, स्युचाटारमा 'एआई कम्प्युट' क्षेत्र स्थापना, काठमाडौँको उपत्यकाको विकासका लागि भिजन–२०४०, कालीगण्डकीमा शालिग्राम पथ निर्माण, नेपाली उडानमा युरोपेली आयोगको कालोसूची हटाउन पहल, कृषि क्षेत्रको पुनरुत्थान, कृषिमा ४० प्रतिशत प्रोत्साहन अनुदान नमुना कार्यक्रम ल्याउने, किसान केन्द्रित प्रणाली सुरु गर्ने अर्थमन्त्रीको घोषणा रहेको छ ।

यसैगरी, कच्चा काठ बिक्री गर्ने, मोतीपुर र मयुँरपुर औद्योगिक क्षेत्र निजी क्षेत्रबाट सञ्चालन गर्ने, पाँचखाल विशेष आर्थिक क्षेत्रमा महिला उद्यमीलाई थप कर्जा छुट दिने, विशेष आर्थिक प्रशासन केन्द्र, विज्ञान प्रविधिमा पुँजीगत खर्चको एक प्रतिशत बजेट र राष्ट्रिय सम्पत्ति व्यवस्थापन कम्पनी, स्थापनाको प्रस्ताव गरिएको छ ।

सामाजिक सुरक्षा भत्तामा 'सक्नेले छोडौँ, नसक्नेले जोडौँ' नारा बजेटमा समावेश गरिएको छ भने धुलो र खाल्डोमुक्त काठमाडौँको घोषणा गरिएको छ । बजेटले काठमाडौँ तराई–द्रुतमार्ग निर्माणलाई प्राथमिकता दिएको छ भने वैदेशिक र गैरआवासीय लगानीका लागि थप प्रोत्साहन गरिएको छ ।

बजेटमा अन्तरराष्ट्रिय पदम विजेता खेलाडीलाई आजीवन निःशुल्क स्वास्थ्योपचार प्रस्ताव गरिएको छ । सम्पूर्ण शैक्षिक संस्थामा सफा शौचालय अभियान सञ्चालन गर्ने भनिएको छ । मधेस प्रदेशमा मिर्गौला उपचार तथा ट्रमा सेन्टर स्थापना सुरु गर्ने र निःशुल्क वितरण गरिने २५ प्रकारका औषधि नेपाल औषधि लिमिटेडमार्फत उत्पादन गरिने घोषणा गरिएको छ ।

बजेटमा 'एक नागरिकः एक डिजिटल प्रोफाइल', दलित केन्द्रित लगानी बढाउने, दलित बालबालिकाका लागि बालपोषण भत्ता दोब्बर बनाउने, विभेद अन्त्यका लागि राष्ट्रिय अभियान सञ्चालन गरिने भनिएको छ । जेनजी आन्दोलनका घाइतेको निःशुल्क उपचार, आवश्यकताअनुसार मासिक भत्ता र उद्यमशीलता कार्यक्रम बजेटमा समवेश भएको छ । रासायनिक मल खरिदका रकम वृद्धि गरी आपूर्ति व्यवस्थापन सहज गर्ने र मध्यमधेसमा चतुर्भुज विकास कार्यक्रम, भूमिहीन सुकुमवासीको व्यवस्थापन आगाी आवभित्रै गरिने कार्यक्रम बजेटमा समावेश छ ।

सुदूरपश्चिका उच्च पहाडी क्षेत्रमा 'डाँफे रुट', मुलकुभरका नयाँ हिमालको नामकरण गरी आरोहरणका लागि बजारीकरण गर्ने, सीप सिकेर मात्र वैदेशिक रोजगारीमा पठाउने, खानीसम्बन्धी अनुमतिपत्र पुनरावलोकन, सौम्य शक्ति विस्तार र 'डायस्पोरा'लाई आर्थिक वृद्धिका लागि परिचालन गर्ने, समस्याग्रस्त सहकारीको बचत फिर्तालाई निरन्तरता र स्वार्थको द्वन्द्वसम्बन्धी कानुन बनाउने घोषणा बजेटमा गरिएको छ ।

सरकारी कार्यालयमा 'डिजिटल टाइम कार्ड' लागू गर्ने, संवैधानिक निकायको क्षमता विकास र राष्ट्रसेवक कर्मचारीको विद्यमान तलबमानमा महँगी भत्तासमेत गरेर २१ प्रतिशतसम्म वृद्धिको घोषणा गरिएको छ ।



### ऊर्जा क्षेत्रलाई बजेटमा विशेष प्राथमिकता,

## निजी क्षेत्रलाई विद्युत् बिक्रीको अनुमति

सरकारले आगामी आर्थिक वर्षको बजेटमा ऊर्जा क्षेत्रलाई विशेष प्राथमिकतामा राखेर बजेट विनियोजन गरेको छ । मुलुकको अर्थतन्त्रको प्रमुख आधारस्तम्भका रुपमा रहेको ऊर्जा क्षेत्रलाई बजेटमार्फत विशेष प्राथमिकतामा राखेर योजना अगाडि सारिएको छ । सङ्घीय संसद्को संयुक्त बैठकमा आगामी आर्थिक वर्षको बजेट प्रस्तुत गर्दै अर्थमन्त्री डा स्वर्णिम वाग्लेले निर्माणाधीन प्रसारण लाइन तथा सबस्टेशन निर्माण सम्पन्न गर्न ७० अर्ब बराबरको बजेट विनियोजन गरिएको जानकारी दिए । यस्तै, लगानी बोर्डमार्फत करिब तीन हजार मेगावाटका आयोजना विकास गर्न आवश्यक सहजीकरण गरिने उनले घोषणा गरे । आगामी वर्ष जलविद्युत् आयोजनाबाट ६७० मेगावाट र सौर्य आयोजनाबाट ३७० मेगावाट गरी कुल १,०४० मेगावाट राष्ट्रिय प्रसारण लाइनमा थप हुने उनले उल्लेख गरे । त्यससँगै मुलुकको कुल जडित क्षमता पाँच हजार ५३५ मेगावाट पुग्ने अनुमान गरिएको छ । यसैगरी, कुल ४० मेगावाट क्षमताको राहुघाट जलविद्युत् आयोजना यसैवर्ष सम्पन्न गर्ने घोषणा गरिएको छ । निर्माणका क्रममा रहेका तनहुँ जलाशययुक्त आयोजना, माथिल्लो मोदी ए, माथिल्लो मोदी, माथिल्लो त्रिशूली बी सम्पन्न गर्ने र बूढीगण्डकी जलविद्युत् आयोजनालाई विशेष संयन्त्र निर्माण गरी अगाडि बढाउने बजेटमार्फत घोषणा गरिएको छ ।

यस्तै, एक हजार ६१ मेगावाटको माथिल्लो अरुण, ८२८ मेगावाटको उत्तरगङ्गा, २१० मेगावाटको चैनपुर–सेती, ९९ मेगावाटको तामाकोसी पाँचौँ र ७७ मेगावाटको घुन्सा खोला आयोजनाको वित्तीय व्यवस्थापन गरी निर्माणका लागि आवश्यक प्रक्रिया अगाडि बढाउने योजना अगाडि सारिएको छ । यस्तै, हेटौँडा–ढल्केबर–इनरुवा ४०० केभी प्रसारण लाइन चालु आवभित्र सम्पन्न गर्ने लक्ष्य राखिएको छ । खिम्ती–बारबिसे–काठमाडौं, हेटौंडा–रातमाटे–लप्सीफेदी, न्यू दमौली–न्यू बुटवललगायत ४०० केभी प्रसारण लाइन निर्माण कार्यलाई तीव्रता दिने योजना अगाडि सारिएको छ ।

अन्तरदेशीय प्रसारण लाइनतर्फ बुटवल–गोरखपुर तथा इनरुवा–पूर्णिया प्रसारण लाइन निर्माणलाई तीव्रता दिने योजना अगाडि सारिएको छ । ढल्केबर–मुजफ्फरपुर, सीतामढी, लम्की–दोदोधरा–बरेली, लमही–लखनउ, निजगढ–मोतिहारी तथा चिलिमे–केरुङ प्रसारण लाइनको अध्ययन सम्पन्न गरी निर्माण सुरु गर्ने योजना बजेटमा अगाडि सारिएको छ । कर्णाली करिडोर राष्ट्रिय प्रसारण लाइन निर्माणलाई तीव्रता दिने, राष्ट्रिय ग्रिड नपुगेका कर्णालीका स्थानीय क्षेत्रमा विद्युतीकरण विस्तार गर्ने योजना बजेटमार्फत अगाडि सारिएको छ । ग्रीन हाइड्रोजनको व्यावसायिक उत्पादन सुरु गर्न हेटौँडामा ग्रीन हाइड्रोजन प्लान्ट पाइलट परियोजनाका रूपमा कार्यान्वयन गरिने भएको छ ।

त्यस्तै, सुक्खा याममा हुने विद्युत् दबाब व्यवस्थापन गर्न काठमाडौँ उपत्यकामा १०० मेगावाट क्षमताको ब्याट्री इनर्जी स्टोरेज प्रणाली सुरु गर्ने सरकारको योजना छ । ग्रीन हाइड्रोजन उत्पादन विस्तारका लागि आवश्यक बजेट व्यवस्था गरिएको छ । अर्थमन्त्री डा वाग्लेका अनुसार, ऊर्जा उत्पादन, प्रसारण तथा वितरण लाइन निर्माणका लागि कुल ८५ अर्ब ५४ करोड विनियोजन गरिएको छ । आगामी आव थप १५ हजार ८०० हेक्टर खेतीयोग्य जमिनमा सिँचाइ सुविधा विस्तार गरिनेछ । यससँगै कुल सिञ्चित खेतीयोग्य जमिनको अनुपात ६४ प्रतिशत पुग्नेछ । नदी नियन्त्रणतर्फ ७० किलोमिटर तटबन्ध निर्माण तथा २१० हेक्टर जमिन उकास गरिने छ । बबई सिँचाइ आयोजनाअन्तर्गत आगामी आर्थिक वर्ष एक हजार ६०८ हेक्टर जमिनमा सिँचाइ सुविधा पुर्याउने योजना अगाडि सारिएको छ । राधापुर सिँचाइ योजनाको पुनःस्थापना गर्ने, भेरी–बबई डाइभर्सन आयोजनाको हेडबक्स निर्माण सम्पन्न गरिनेछ । यी योजनाका लागि पाँच अर्ब ६३ करोड विनियोजन गरिएको छ । सिक्टा सिँचाइ आयोजनाअन्तर्गत बाँके जिल्लाको पूर्वी र पश्चिमी क्षेत्रमा थप पाँच हजार हेक्टर जमिनमा सिँचाइ सुविधा विस्तार गरिनेछ । त्यसका लागि रु दुई अर्ब ५५ करोड विनियोजन गरिएको छ । सुनकोसी–मरिन डाइभर्सन आयोजनाको बाँध तथा विद्युत् गृह निर्माणका लागि पुनःठेक्का गरी चार वर्षभित्र सम्पन्न गर्ने लक्ष्यसहित निर्माण सुरु गरिनेछ । सो आयोजनाका लागि चालु वर्ष रु दुई अर्ब ९८ करोड विनियोजन गरिएको छ ।

बागमती सिँचाइ आयोजनाको स्तरोन्नति गरी सुनकोसी–मरिन डाइभर्सनबाट थप हुने पानी उपयोग गर्दै बारा, रौतहट, सर्लाही, महोत्तरी र धनुषा जिल्लाका एक लाख २२ हजार हेक्टर खेतीयोग्य जमिनमा सिँचाइ सुविधा विस्तार गर्ने योजना अगाडि सारिएको छ । त्यसका लागि ५३ करोड विनियोजन गरिएको छ । महाकाली सिँचाइ योजनाको कमाण्ड क्षेत्र विस्तार गरिनेछ भने रानी–जमरा कुलरिया आयोजनाको लम्की खण्डको पूर्वाधार विकास गर्ने योजना सरकारको छ । बृहत् दाङ उपत्यका सिँचाइ आयोजना तथा प्रगन्ना–बड्कापथ सिँचाइ योजनाबाट थप दुई हजार ३८० हेक्टर जमिनमा सिँचाइ सुविधा उपलब्ध गराउन एक अर्ब २१ करोड विनियोजन गरिएको छ । नौमुरे बहुउद्देश्यीय सिँचाइ आयोजनाबाट कपिलवस्तु क्षेत्रमा सिँचाइ सुविधा विस्तार गर्न आवश्यक पूर्वतयारी पूरा गरिनेछ । बाणगङ्गा सिँचाइ योजनाको पुनःस्थापना तथा मर्मत गर्ने सरकारको लक्ष्य छ । नारायणी सिँचाइ आयोजनाको पुनःस्थापनाका लागि बजेट व्यवस्था गरिएको छ । सुनसरी–मोरङ, चन्द्रनहर, कमला, नारायणी गण्डक, कोसी पम्पलगायत सिँचाइ प्रणालीको मर्मतसम्भार तथा पुनःस्थापनाका लागि रु ४४ करोड विनियोजन गरिएको छ ।

**निजी क्षेत्रलाई विद्युत् बिक्रीको अनुमति**
बजेटमार्फत निजी क्षेत्रले अन्तरराष्ट्रिय बजारमा विद्युत् व्यापार पाउने व्यवस्था हुने गरिएको छ । लामो समयदेखि निजी क्षेत्रले उक्त माग गर्दै आएको थियो । त्यसका लागि प्रसारण लाइन निर्माण गर्ने र प्रसारण शुल्क लिएर व्यापार गर्नसक्ने कानुनी व्यवस्था मिलाइएको छ । यस्तै, विद्युत् प्राधिरणको पुनःसंरचना गर्ने घोषणा गरिएको छ । प्राधिकरणलाई विद्युत् उत्पादन, प्रसारण वितरण र विद्युत् व्यापारका लागि तीन छुट्टाछुट्टै कम्पनीमा विभाजन गरिनेछ । विद्युत् खरिद सम्झौता भएका तर अहिलेसम्म निर्माण सुरू नभएका आयोजनाको अनुमति खारेज गरिनेछ । त्यस्तै, 'टेक अर पे विधिमा नयाँ पिपिए गर्ने व्यवस्था गरिएको छ । यस्तै, १० मेगावाटभन्दा कमका आयोजनाको तत्काल पिपिए गरिने योजना छ । रासस

## मुग्लिन आँबुखैरेनी सडक निर्माण सुरु गरिने



**तनहुँ ।**
सरकारले मुग्लिनदेखि आँबुखैरेनी सडक निर्माण सुरु गर्ने भएको छ । अर्थमन्त्री डा स्वर्णिम वाग्लेले सङ्घीय संसद्को संयुक्त बैठकमा आगामी आर्थिक वर्ष २०८३/८४ को बजेट प्रस्तुत गर्नुहुँदै मुग्लिनदेखि आँबुखैरेनी सडक निर्माण सुरु गर्ने उल्लेख गरे । मुग्लिनदेखि आँबुखैरेनीसम्म सडक निर्माणका लागि गोरखातर्फबाट सडक निर्माण गर्ने योजना छ ।

यस खण्डमा मस्र्याङ्दी नदी पारिपट्टि गोरखा जिल्लामा कुल ४ । ४५६ किलोमिटर नयाँ सडक निर्माण गर्न लागिएको छ । मुग्लिनदेखि आँबुखैरेनीसम्म हालको राजमार्गको समानान्तर मुग्लिन बजारको पारिपट्टि त्रिशूली किनार (गोरखातर्फ) मस्र्याङ्दी नदीको बायाँ किनार हुँदै मस्र्याङ्दी विद्युत् गृहको पारिपट्टिसम्म थप सडकको रेखाङ्कन गरिएको मन्त्रालयले जनाएको छ ।

आँबुखैरेनीदेखि पोखरासम्म भने सडक निर्माण अन्तिम चरणमा छ । अर्थमन्त्री वाग्लेले आँबुखैरेनी पोखरा चार लेन सडक शीघ्र सम्पन्न गर्ने उल्लेख गरे । रासस

## मध्य–मधेशमा कृषि र उद्योग केन्द्रित चतुर्भुज विकास कार्यक्रम

सरकारले आगामी आर्थिक वर्षको बजेटमार्फत क्षेत्रीय सन्तुलित विकास, कृषि पुनरुत्थान, पर्यटन प्रवद्र्धन तथा लगानीमैत्री वातावरण निर्माणलाई उच्च प्राथमिकतामा राखेको छ ।

सङ्घीय संसद्को संयुक्त बैठकमा आगामी आर्थिक वर्षको बजेट प्रस्तुत गर्दै अर्थमन्त्री डा स्वर्णिम वाग्लेले आर्थिक वृद्धिको उच्च सम्भावना भएका ग्रामीण तथा सहरोन्मुख क्षेत्रलाई 'ग्रोथ पोल' र 'क्वाड'का रूपमा विकास गर्ने नीति अघि सार्नुभएको छ ।

बजेटमा सुनकोसी–मरिन डाइभर्सनबाट सिञ्चित हुने एक लाख २२ हजार हेक्टर क्षेत्रलाई आधार बनाएर कृषि र उद्योग केन्द्रित मध्य–मधेस चतुर्भुज विकास गर्ने प्रबन्ध गरिएको छ । हुलाकी तथा पूर्व–पश्चिम राजमार्ग विस्तारका बाँकी काम सम्पन्न गरी उक्त क्षेत्रलाई उत्पादन र औद्योगिक गतिविधिको केन्द्रका रूपमा विकास गर्ने योजना बजेटमार्फत अघि सारिएको छ ।

मध्यपहाडी पुष्पलाल लोकमार्ग, कर्णाली राजमार्ग, भेरी करिडोर तथा रारा–जुम्ला–फोक्सुण्डो क्षेत्रलाई समेटेर जडीबुटी, जलविद्युत्, पर्यटन तथा खानीजन्य गतिविधिमा कर प्रोत्साहन गरिने बजेटमा उल्लेख गरिएको छ । सिद्धार्थ राजमार्ग स्तरोन्नति गरी कालीगण्डकी सभ्यता क्षेत्रलाई तीर्थाटन र स्वच्छ उद्यम केन्द्रित 'गण्डकी चतुर्भुज' का रूपमा विकास गरिने छ ।

त्रिवेणीधाम, देवघाट, रुरुक्षेत्र, कागबेनी, मुक्तिनाथ र दामोदरकुण्डलाई समेटेर 'शालिग्राम पथ' निर्माण गर्ने योजना सार्वजनिक गरिएको छ । लुम्बिनी–मुक्तिनाथ धार्मिक तथा सांस्कृतिक मार्गलाई ध्यान, योग, बौद्ध–वैदिक दर्शन तथा हिमाली सांस्कृतिक पर्यटनसँग जोडेर नयाँ पर्यटन पथ प्रवद्र्धन गर्ने बजेटमा स्पष्ट पारिएको छ ।

लगानी प्रवद्र्धनका लागि 'लगानी एक्सप्रेस' अवधारणा कार्यान्वयन गरिने तथा आगामी तीन महिनाभित्र 'सिङ्गल रुट प्रणाली' लागू गरिने अर्थमन्त्रीको घोषणा छ । कम्पनी दर्ता, कर, श्रम, भिसा आवेदनलगायत सेवा एकीकृत गरी लगानीकर्तालाई सहज सेवा प्रदान गरिनेछ । लगानी बोर्डबाट स्वीकृत परियोजनाले पुनः अन्य निकायबाट स्वीकृति लिनु नपर्ने कानुनी व्यवस्था पनि गरिने बजेटमा गरिएको छ । रासस

## वैदेशिक मुद्राको पर्याप्त सञ्चितिबाट 'सोभरेन वेल्थ फन्ड' बनाइने

सरकारले आगामी आर्थिक वर्षको बजेटमार्फत कृत्रिम बुद्धिमत्ता (एआई), स्वच्छ ऊर्जा, डिजिटल पूर्वाधार तथा वित्तीय क्षेत्र सुधारलाई उच्च प्राथमिकतामा राख्दै नेपाललाई क्षेत्रीय प्रविधि हवका रूपमा विकास गर्ने रणनीतिक योजना अघि सारेको छ । सङ्घीय संसद्को संयुक्त बैठकमा आगामी आर्थिक वर्षको बजेट प्रस्तुत गर्दै अर्थमन्त्री डा स्वर्णिम वाग्लेले 'स्वच्छ ऊर्जा बन्ड' र 'डायस्पोरा बन्ड' जारी गरी जलवायु कोषको अधिकतम उपयोग गर्ने नीति लिएको जानकारी दिनुभयो ।

उहाँले बजेटमा वैदेशिक मुद्राको पर्याप्त सञ्चितिलाई उपयोग गर्दै केही प्रतिशत रकम 'सोभरेन वेल्थ फन्ड' का रूपमा परिचालन गरिने घोषणा गर्नुभयो । यस्तै, बजेटमार्फत कम्तीमा तीन महिनाको इन्धन भण्डारण, एआई फ्याक्ट्रीलगायत रणनीतिक महत्वका परियोजनामा लगानी गर्न 'मातृभूमि कोष' स्थापना गर्ने योजना अगाडि सारिएको छ ।

विदेशी ऋण वा लगानीमा सञ्चालित योजनाको विनिमय जोखिम न्यूनीकरण गर्न आगामी आर्थिक वर्षदेखि हेजिङ सेवा उपलब्ध गराउने अर्थमन्त्री वाग्लेले घोषणा गरे । नेपाललाई सम्पत्ति शुद्धीकरणसम्बन्धी 'ग्रे लिस्ट' बाट हटाउन विशेष पहल गरिने तथा सार्वभौम क्रेडिट रेटिङ सुधारका लागि अनुकूल आर्थिक वातावरण तयार पार्ने बजेटमा उल्लेख गरिएको छ । सार्वजनिक संस्थान सुधारअन्तर्गत राष्ट्रिय वाणिज्य बैंकमा सरकारी पुँजी वृद्धि गरिनेछ भने नेपाल वायुसेवा निगमलाई कम्पनीमा रूपान्तरण गरी रणनीतिक साझेदारीको मोडेलमा लैजाने योजना बजेटमा घोषणा गरिएको छ ।

त्यस्तै, राष्ट्रिय जीवन बिमा कम्पनी र विशाल बजार कम्पनीको सेयर सर्वसाधारणमा निष्कासन गरिने योजना बजेटमा छ । यस्तै, बजेटमार्फत नेपाल टेलिकममा ६६ प्रतिशत सरकारी सेयर कायम राख्दै बाँकी सेयर आगामी पुस मसान्तभित्र सर्वसाधारणमा बिक्री गर्ने घोषणा गरिएको छ । त्यसरी प्राप्त भएको रकम नेपाललाई 'टेक हब' बनाउने कार्यमा खर्च गरिने छ । सूचना प्रविधि क्षेत्र विस्तारका लागि विदेशमा लगानी खुला गरिने तथा नेपालमै बसेर विदेशी रोजगारदाताका लागि 'रिमोट वर्क' गर्न पाउने स्पष्ट कानुनी व्यवस्था गरिनेछ । सरकारी निकायमा प्रयोग हुने सूचना प्रविधिसम्बन्धी सफ्टवेयर खरिद एकीकृत रूपमा एकै निकायमार्फत गरिने व्यवस्था गरिनेछ । डिजिटल सार्वजनिक पूर्वाधार विकासअन्तर्गत नेपाल राष्ट्र बैंकको सुपरीवेक्षणमा 'फिनटेक मार्केटप्लेस' स्थापना गरिने तथा नागरिक एपमा थप दर्जनौँ सरकारी सेवा आबद्ध गरिने सरकारको योजना छ ।

त्यस्तै, काठमाडौँमा देशकै पहिलो सार्वभौम एआई कम्प्युटर केन्द्र स्थापना गर्ने घोषणा बजेटमार्फत गरिएको छ । त्यस्तै, हजारौँ एआइ प्रोसेसिङ युनिट खरिद गरी एआई उद्यमी तथा स्टार्टअपलाई सहुलियतपूर्ण कम्प्युटर क्षमता उपलब्ध गराइनेछ । एआई क्षेत्रमा अन्तरराष्ट्रिय ख्याति प्राप्त कम्तीमा १५ जना नेपाली शोधकर्तालाई प्रतिष्ठित फेलोसिपमार्फत नेपाल फर्काएर योगदान गर्न आमन्त्रण गरिने बजेटमा उल्लेख गरिएको छ । गणितलगायत एआइसँग सम्बन्धित विषयको शैक्षिक विकासलाई पनि उच्च प्राथमिकतामा राखिएको छ । रासस

# गणतन्त्र दिवसमा अधिकार र उपलब्धिको संरक्षणमा जोड



**मधेशदृष्टि**
**जनकपुरधाम ।**
१९औँ गणतन्त्र दिवसको अवसरमा जिल्ला समन्वय समिति धनुषाले विशेष कार्यक्रम आयोजना गरी दिवस मनाएको छ । कार्यक्रममा सहभागी वक्ताहरूले गणतन्त्रको आवश्यकता, यसले ल्याएको परिवर्तन तथा नागरिकका लागि यसको महत्वबारे चर्चा गरेका थिए ।

कार्यक्रमलाई सम्बोधन गर्दै धनुषाका प्रमुख जिल्ला अधिकारी प्रेमप्रसाद लुइँटेलले विश्वका धेरै मुलुकमा अझै पनि नागरिकले स्वतन्त्र रूपमा आफ्नो अभिव्यक्ति राख्न नपाउने अवस्था रहेको उल्लेख गरे । उनले नेपालमा संघीय लोकतान्त्रिक गणतन्त्र स्थापना भएपछि नागरिकले वाक स्वतन्त्रता, मौलिक हक तथा प्रेस स्वतन्त्रता जस्ता अधिकार प्राप्त गरेको बताए ।

प्रमुख जिल्ला अधिकारी लुइँटेलले गणतन्त्रले सामान्य नागरिकलाई पनि देशको सर्वोच्च पदसम्म पुग्ने अवसर सुनिश्चित गरेको उल्लेख गर्दै प्राप्त उपलब्धिको संरक्षण र संस्थागत विकासका लागि सबै पक्ष जिम्मेवार हुनुपर्ने धारणा व्यक्त गरे । कार्यक्रममा वक्ताहरूले गणतन्त्रले नागरिकलाई अधिकारसँगै अवसर पनि प्रदान गरेको उल्लेख गर्दै लोकतान्त्रिक मूल्य, मान्यता र संविधानप्रतिको प्रतिबद्धतालाई बलियो बनाउन सामूहिक सहकार्य आवश्यक रहेको बताए । नेपालमा २०६५ साल जेठ १५ गते जननिर्वाचित पहिलो संविधानसभाबाट राजतन्त्रको औपचारिक अन्त्य गर्दै संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्था घोषणा गरिएको थियो । सोही ऐतिहासिक दिनको स्मरणमा प्रत्येक वर्ष जेठ १५ गते गणतन्त्र दिवस मनाइँदै आएको छ ।

# पत्रकार महासंघ पर्सा शाखामा तालाबन्दीः पूर्व नेतृत्वमाथि गम्भीर आरोप, कानुनी उपचारमा जाने चेतावनी

**मधेशदृष्टि**
**वीरगंज ।**
नेपाल पत्रकार महासंघ पर्सा शाखाले सदस्यता शुद्धीकरणको विषयलाई लिएर शाखा कार्यालयमा गरिएको तालाबन्दीप्रति गम्भीर आपत्ति जनाएको छ । शाखाले सामाजिक सञ्जालमार्फत सार्वजनिक गरिएको तालाबन्दीको गतिविधिलाई संस्थाको गरिमा र पर्सेली पत्रकारितामाथिको प्रत्यक्ष प्रहारको रूपमा टिप्पणी गर्दै आवश्यक परे कानुनी उपचारको बाटो रोज्ने चेतावनी दिएको छ ।

शाखाका सचिव विजय कुमार महतोद्वारा हस्ताक्षर गरी जारी गरिएको विज्ञप्ति अनुसार 'सदस्यता शुद्धीकरण संघर्ष समिति'को नाममा केही व्यक्तिहरूले सार्वजनिक बिदाको दिन कार्यालय बन्द रहेको समयमा तालाबन्दी गरेका हुन् । शाखाले उक्त कार्यलाई 'दुःखद, आपत्तिजनक र संस्थाको साखमा गम्भीर चोट पुऱ्याउने गतिविधि' भनिएको छ ।

शाखाले महासंघ कुनै एक व्यक्ति वा समूहको संस्था नभई पर्साका सम्पूर्ण सञ्चारकर्मीहरूको साझा संस्था भएको उल्लेख गर्दै यस्ता गतिविधिले पत्रकारिताको एकता, विश्वास र प्रतिष्ठामाथि आघात पुगेको जनाएको छ ।

सदस्यता शुद्धीकरणको विषयमा आफूहरू पूर्ण रूपमा प्रतिबद्ध रहेको जनाउँदै शाखाले शुद्धीकरण प्रक्रिया व्यक्तिगत आग्रह, आवेग वा दबाबका आधारमा नभई संस्थाको विधि, विधान र विगतका निर्णयका आधारमा अघि बढ्नुपर्ने स्पष्ट पारेको छ ।

यही सन्दर्भमा शाखाले तत्कालीन



अध्यक्ष अनुप तिवारीलाई २०८३ जेठ ७ गते औपचारिक पत्राचार गर्दै निर्णय पुस्तिका, सदस्यता अभिलेख र आर्थिक हरहिसाब तीन दिनभित्र बुझाउन आग्रह गरिएको जनाएको छ । तर कागजात हस्तान्तरण गर्नुको सट्टा उनकै नेतृत्वमा कार्यालयमा तालाबन्दी गरिएको आरोप शाखाको छ ।

वर्तमान कार्यसमितिले निवर्तमान नेतृत्वकै कार्यकालमा कायम सदस्यताबाट नेतृत्व परिवर्तन भइसकेको अवस्थामा पनि निर्णय पुस्तिका, आर्थिक विवरण र अन्य अभिलेख हस्तान्तरण नगरिनु अत्यन्त चिन्ताजनक भएको जनाएको छ । शाखाले साधारणसभा गर्ने तयारी भइरहेका बेला त्यसलाई प्रभावित पार्ने उद्देश्यले गतिविधि भइरहेको आशंका पनि व्यक्त गरेको छ ।

शाखाका अनुसार पदस्थापनकै दिन निर्णय पुस्तिका नबुझाइनु, पटक पटक आग्रह गर्दा बहाना बनाइनु, पहिलो बैठकले ३० दिनभित्र हरहिसाब बुझाउने निर्णय गरेपनि त्यसको कार्यान्वयन नहुनु तथा साधारणसभाको मिति तय गर्न बोलाइएका बैठकमा अवरोध सिर्जना गरिनुले संस्थालाई नियोजित रूपमा अन्योलमा राख्ने प्रयास भइरहेको देखिएको छ ।

महासंघ पर्सा शाखाले तत्काल सम्पूर्ण हरहिसाब, निर्णय पुस्तिका र अभिलेख बुझाएर सदस्यता शुद्धीकरण प्रक्रियामा सहयोग गर्न तथा लगाइएको तालाबन्दी तत्काल खोल्न आग्रह गरेको छ । शाखाले आफू सदैव संवाद, सहकार्य र संस्थागत हितका पक्षमा रहेको उल्लेख गर्दै संस्थाको गरिमा र पत्रकारहरूको साझा अधिकारमाथि निरन्तर हस्तक्षेप भए कानुनी प्रक्रिया अघि बढाइने स्पष्ट चेतावनी दिएको छ ।

यता सदस्यता शुद्धीकरणको माग राख्दै संघर्ष समितिले नेपाल पत्रकार महासंघ पर्सा शाखाको कार्यालयमा शुक्रबार दिउँसो अनिश्चितकालीन तालाबन्दी गरिएको छ । सदस्यता शुद्धीकरण तथा नयाँ सदस्यता वितरणका लागि गठित सदस्यता शुद्धीकरण संघर्ष समितिले शुक्रबार दिउँसो १ बजे महासंघको कार्यालयमा तालाबन्दी गरेको हो ।

संघर्ष समितिका अनुसार गत मंगलबार र बुधबार कार्यालय अगाडि एक–एक घण्टा धर्ना दिँदा पनि जिल्ला शाखाबाट कुनै सुनुवाइ नभएपछि आन्दोलनको स्वरूप परिवर्तन गर्दै अनिश्चितकालीन तालाबन्दी गर्न बाध्य भएको हो ।

सदस्यता शुद्धीकरण संघर्ष समितिका संयोजक अनुप तिवारीले वर्तमान कार्यसमितिले विगतमा जस्तै छानबिन गरी अयोग्य तथा विधानविपरीत रहेका व्यक्तिहरूलाई सदस्यताबाट हटाउनुपर्ने माग राखिएको बताए ।

उनले विधानअनुसार सक्षम र योग्य पत्रकारहरूलाई अविलम्ब सदस्यता प्रदान गर्नुपर्ने तथा सदस्यता छानबिनका लागि आवश्यक पहल नगरेपछि अनिश्चितकालीन तालाबन्दी गर्नुपरेको स्पष्ट पारे । तालाबन्दी कार्यक्रममा संघर्ष समितिका सह–संयोजक शेखर छतकुली, प्रेस चौतारी पर्साका उपाध्यक्ष राजेन्द्र सिंह, प्रेस मञ्चका बिरेन्द्र साह लगायतको सहभागिता रहेको थियो ।

# आर्थिक क्षेत्रलाई थप चलायमान बनाउनेः उद्योगी व्यवसायी



**वीरगंज ।**
वीरगंजका क्षेत्रका उद्योगी–व्यवसायीले आगामी आर्थिक वर्ष २०८३/८४ को बजेटले आर्थिक क्षेत्रलाई थप चलायमान बनाउने प्रतिक्रिया व्यक्त गरेका छन् । अर्थमन्त्री डा. स्वर्णिम वाग्लेद्वारा शुक्रबार सङ्घीय संसद्को संयुक्त बैठकमा प्रस्तुत गरेको आगामी आवको बजेटले उद्योग व्यवसाय प्रवद्र्धनमा सहयोग पुर्याउने जनाएका छन् ।

वीरगंज उद्योग वाणिज्य सङ्घका अध्यक्ष हरिप्रसाद गौतमले बजेटको आकार ठूलो भए तापनि निजी क्षेत्रलाई उत्साह जगाउने प्रयास गरेको बताए ।

'औद्योगिक कच्चा पदार्थ र तयारीको आयातमा छुट्टाछुट्टै स्ल्याब राख्ने प्रावधानले उद्योगीले केही राहत महसुस गर्न सक्नेछन्,' उनले भने, 'ठूलो आकारको बजेट आएको छ । तर, स्रोतको सुनिश्चितता गर्न भने निकै कठिन पर्ने हो कि भन्ने आशङ्का जन्माएको छ ।'

अध्यक्ष गौतमले बजेटले निकै लोकप्रिय खालका कार्यक्रम समावेश गरिएको छ । 'सरकारले निजी क्षेत्रमैत्री विविध कानुन बनाउने घोषणा गरेको छ । यो पक्कै राम्रो हो,' उनले भने, 'सरकारले १४ खर्बभन्दा धेरै राजस्व उठाउने लक्ष्य भेट्न भने केही चुनौती हुने देखिएको छ ।' प्राध्यापक डा. दीपेन्द्रकुमार चौधरीले बजेट सरसर्ती हेर्दा निकै उत्साह जगाउने खालको भए पनि कार्यान्वयन चुनौतीपूर्ण रहेको बताए । 'बजेट कार्यान्वयन भएको खण्डमा राम्रो देखिन्छ,' उनले भने, 'चालु आवको संशोधित बजेटको २५ प्रतिशत धेरै वृद्धि गरेकाले पनि कार्यान्वयन चुनौतीपूर्ण हुने देखिन्छ ।' व्यक्तिगत आयतर्फ पाँच लाख रुपैयाँबाट बढाएर १० लाख रुपैयाँ आम्दानीमा एक प्रतिशत कर लगाउने प्रावधान सकारात्मक रहेको छ ।'

वीरगंज उद्योग वाणिज्य सङ्घका वरिष्ठ उपाध्यक्ष माधव राजपालले बजेटले अर्थतन्त्रलाई चलायमान गराउन खोजेको बताए । उनले भने, 'बजेटले केही आशा जगाएको छ, कार्यान्वयन कसरी हुन्छ ।' अन्तःशुल्क हटाउने, औद्योगिक कच्चा पदार्थमा छुटलगायत प्रावधानले निजी क्षेत्रमैत्री गराउन खोजेको देखिन्छ ।

# कञ्चनपुर–कमला सडक निर्माणमा ढिलासुस्तीविरुद्ध सिरहामा स्थानीय आन्दोलित



**मधेशदृष्टि**
**जनकपुरधाम ।**
कञ्चनपुर–कमला सडक विस्तार आयोजनाको ढिलासुस्ती र निर्माण कम्पनीको लापर्वाहीविरुद्ध सिरहाको गोलबजार नगरपालिका–४ निपनियामा स्थानीयवासी आन्दोलित भएका छन् । शुक्रबार बिहान स्थानीय, व्यापारी तथा विभिन्न राजनीतिक दलका नेता–कार्यकर्ताले पूर्व–पश्चिम राजमार्गमा टायर बालेर प्रदर्शन गर्दै करिब डेढ घण्टा सडक अवरुद्ध गरेका हुन् ।

आन्दोलनका कारण सयौँ सवारी साधन राजमार्गमै रोकिएका थिए भने लामो दूरीका यात्रुहरू बीच बाटोमै अलपत्र परेका थिए । प्रदर्शनकारीहरूले सडक निर्माणको काम तत्काल तीव्र बनाउन, धुलो–हिलो नियन्त्रण गर्न तथा निर्माण कम्पनीलाई जिम्मेवार बनाउन माग गरेका छन् ।

स्थानीयका अनुसार 'चाइना रेलवे नम्बर २ इन्जिनियरिङ ग्रुप' ले ठेक्का लिएको सडक आयोजना सात वर्ष बितिसक्दा पनि सम्पन्न हुन नसक्दा जनजीवन प्रभावित बनेको छ । सामान्य वर्षा हुँदा सडक हिलाम्मे भएर आवतजावत कठिन हुने गरेको उनीहरूको गुनासो छ ।

धुलो र हिलोका कारण विद्यार्थीलाई विद्यालय आउजाउमा समस्या हुनुका साथै व्यवसायसमेत प्रभावित बनेको स्थानीयवासीले बताएका छन् । स्थानीय दिनेश नायकले वर्षौंदेखि नागरिकले सास्ती खेपिरहे पनि सम्बन्धित निकाय गम्भीर नदेखिएको आरोप लगाए ।

आन्दोलनपछि निर्माण कम्पनीका प्रतिनिधि र स्थानीय तहका पदाधिकारीबीच छलफल गर्ने सहमति भएपछि अवरुद्ध राजमार्ग पुनः सञ्चालनमा आएको स्थानीय नेता प्रमेश्वर साहले जानकारी दिए । उनले समस्याको समाधानका लागि ठोस पहल नभए थप कडा आन्दोलनमा उत्रिने चेतावनीसमेत दिएका छन् ।

पूर्व–पश्चिम राजमार्गअन्तर्गत लहान, गोलबजार र मिर्चैया क्षेत्रमा सडकको दुरावस्थाका कारण स्थानीय बासिन्दा लामो समयदेखि समस्यामा परिरहेका छन् । हिउँदमा अत्यधिक धुलो र वर्षायाममा हिलोका कारण दैनिक यात्रा जोखिमपूर्ण बन्दै गएको छ ।

एसियाली विकास बैंक को ऋण सहयोगमा निर्माण भइरहेको ८६.८३ किलोमिटर लामो कञ्चनपुर–कमला सडक विस्तार आयोजना निर्धारित समयमै सम्पन्न हुन सकेको छैन । नेपाल सरकार र निर्माण कम्पनीबीच २०७७ असार ११ गते भएको सम्झौताअनुसार आयोजना २०८० कात्तिकभित्र सम्पन्न हुनुपर्ने भए पनि हालसम्म करिब ६८ प्रतिशत मात्रै काम सम्पन्न भएको जनाइएको छ ।

निर्माण कम्पनीको सुस्त कार्यशैली, कोरोना महामारी, विद्युत् पोल सार्ने भएको ढिलाइ तथा रुख कटान प्रक्रियामा देखिएको समस्याका कारण आयोजनाको म्याद पटक–पटक थपिँदै आएको छ । हाल थपिएको म्याद आगामी असार १६ गते सकिन लाग्दा समेत ठूलो हिस्सा काम अझै बाँकी रहेको बताइएको छ ।

ढिलाइका कारण आयोजनाको लागतसमेत उल्लेख्य रुपमा बढेको छ । सुरुमा १५ अर्ब ६६ करोड रुपैयाँ लागत अनुमान गरिएको परियोजनामा हालसम्म झण्डै ३ अर्ब रुपैयाँ अतिरिक्त भार थपिएको सम्बन्धित स्रोतले जनाएको छ ।

# कुन आयोजनामा कति बजेट विनियोजन

**काठमाडौँ ।**
सरकारले आगामी आर्थिक वर्षका लागि २१ खर्ब २४ अर्ब ३४ करोड रुपैयाँ बराबरको बजेट प्रस्तुत गरेको छ ।

सङ्घीय संसद्को संयुक्त बैठकमा अर्थमन्त्री डा. स्वर्णिम वाग्लेले प्रस्तुत गरेको बजेटमा कूल विनियोजनमध्ये चालुतर्फ १२ खर्ब ७० अर्ब ५८ करोड रुपैयाँ अर्थात् ५९ दशमलव आठ प्रतिशत बराबर विनियोजन गरिएको जानकारी दिए ।

पुँजीगततर्फ चार खर्ब ३१ अर्ब १० करोड रुपैयाँ, वित्तीय व्यवस्थातर्फ चार खर्ब २२ अर्ब ६४ करोड रुपैयाँ बराबर विनियोजन गरिएको छ । आगामी आवको बजेटमा कुन आयोजनाका लागि निम्न लिखित बजेट विनियोजन गरिएको छ ।

पूर्वपश्चिम राजमार्गका लागि ३७ अर्ब ४६ करोड, तराई–मधेश द्रुतमार्गका लागि १७ अर्ब ६४ करोड रुपैयाँ, हुलाकी राजमार्गका लागि चार अर्ब ६५ करोड रुपैयाँ, कर्णाली राजमार्गका लागि एक अर्ब रुपैयाँ, पुष्पलाल मध्यपहाडी राजमार्गका लागि दुई अर्ब १६ करोड रुपैयाँ, मदन भण्डारी राजमार्गका लागि एक अर्ब ४६ करोड रुपैयाँ, राष्ट्रिय राजमार्ग, रणनीतिक सडक पुल र स्थानीय सडक पुलका लागि नौ अर्ब ८७ रुपैयाँ, पृथ्वी राजमार्गका लागि छ अर्ब ५५ करोड रुपैयाँ बजेट वक्तव्यमा उल्लेख गरिएको छ ।

बजेट वक्तव्यमा कोशी करिडोरका लागि छ अर्ब २५ करोड रुपैयाँ, गल्छी–स्याफ्रुबेंशी–रसुवागढी सडकखण्डलाई स्तरोन्नति गर्न एक अर्ब ३५ करोड रुपैयाँ, सडक सुरक्षाका लागि दुई अर्ब ४६ करोड रुपैयाँ, सडकको राष्ट्रव्यापी मर्मतसम्भार अभियानका रुपमा सञ्चालन गर्न २८ अर्ब ५२ करोड रुपैयाँ, राजमार्गमा पहिरोको अवरोधलाई हटाउन तीन अर्ब १७ करोड रुपैयाँ, पहिचानयुक्त सहर निर्माण गर्न जग्गा विकास र पूर्वाधार निर्माण कार्यलाई निरन्तरता दिन एक अर्ब ८३ करोड रुपैयाँ, देशका प्रमुख सहरमा हरियाली प्रवद्र्धनका लागि चार अर्ब १९ करोड रुपैयाँ, झोलुङ्गे पुल निर्माण गर्न पाँच अर्ब १४ करोड रुपैयाँ विनिजन गरिएको छ ।

सडक तथा सहरी पूर्वाधार विकासका लागि २ सय ८६ अर्ब ४८ करोड रुपैयाँ, तराई–मधेशका अधुरा खानेपानी आयोजना सम्पन्न गर्न दुई अर्ब ५० करोड रुपैयाँ, उपत्यकामा खानेपानी पाइप सञ्जाल विस्तारका लागि सात अर्ब २६ करोड रुपैयाँ, प्रमुख सहरमा खानेपानी र ढल निर्माण तथा प्रशोधन कार्यक्रम सञ्चालन गर्न दुई अर्ब ३४ करोड रुपैयाँ, काठमाडौँमा फोहर पानी प्रशोधन केन्द्र निर्माण गर्न तीन अर्ब ४६ करोड रुपैयाँ, खानेपानी तथा सरसफाइतर्फ ३७ अर्ब १७ करोड रुपैयाँ, प्रसारण लाइन तथा सबस्टेशन निर्माण सम्पन्न गर्न ७० अर्ब रुपैयाँ, ऊर्जा उत्पादन, प्रसारण र वितरण लाइन निर्माणका लागि ८५ अर्ब ५४ करोड रुपैयाँ, राजापुर सिँचाइ÷भेरी बबई डाइभर्सन आयोजनाका लागि पाँच अर्ब ६३ करोड रुपैयाँ, सिक्टा सिँचाइ आयोजनाका लागि दुई अर्ब ५५ करोड रुपैयाँ, सुनकोशी–मरिन डाइभर्सन आयोजनाका लागि दुई अर्ब ९८ करोड रुपैयाँ, मधेशमा सिँचाइ सुविधा विस्तार गर्न ५३ करोड रुपैयाँ, महाकाली सिँचाइ/रानी–जमरा–कुलरिया आयोजनाका लागि पाँच अर्ब १३ करोड रुपैयाँ विनियोजित गरिएको छ ।

यसैगरी बृहत् दाङ उपत्यका सिँचाइ आयोजना र प्रगन्ना–बड्कापथ सिँचाइ आयोजनाका लागि एक अर्ब २१ करोड रुपैयाँ, सिँचाइ प्रणालीको मर्मतसम्भार तथा पुनःस्थापनाका लागि ४४ करोड रुपैयाँ, तराई–मधेशमा भूमिगत सिँचाइ सुविधा पु¥याउन एक अर्ब ८३ करोड रुपैयाँ, टारहरुमा लिफ्ट सिँचाइ प्रणालीमार्फत भरपर्दो सिँचाइ सुविधा उपलब्ध गराउन ८० करोड रुपैयाँ, लोक कल्याणकारी विज्ञापनका लागि ३३ करोड रुपैयाँ, सूचना तथा सञ्चार क्षेत्रका लागि पाँच अर्ब ९३ करोड रुपैयाँ, खेलकुद क्षेत्रका लागि चार अर्ब तीन करोड रुपैयाँ, सामुदायिक विद्यालयको पूर्वाधार म्यापिङ गर्न एक अर्ब रुपैयाँ।, विद्यार्थी छात्रवृत्तिका लागि आठ अर्ब ६० करोड रुपैयाँ, शिक्षा क्षेत्रका लागि २ सय १८ अर्ब ३० करोड रुपैयाँ, स्वास्थ्य क्षेत्रमा १ सय १ अर्ब ९५ करोड रुपैयाँ, स्वास्थ्य बिमा कार्यक्रमका लागि १५ अर्ब रुपैयाँ, वक्तव्यमा विपन्न नागरिक स्वास्थ्य सामाजिक सुरक्षाका कार्यक्रमका लागि १३ अर्ब १५ करोड रुपैयाँ, आधारभूत अस्पताल सञ्चालन तथा पूर्वाधार निर्माणका लागि पाँच अर्ब ९० करोड रुपैयाँ, बिपी कोइराला मेमोरियल क्यान्सर अस्पतालमा मेसिन खरिद तथा जडान गर्न पुँजीगत अनुदान ३२ करोड रुपैयाँ, दलित समुदायका बालबालिकाको पोषण सहायताका लागि तीन अर्ब रुपैयाँ, सामाजिक सुरक्षातर्फ १ सय २० अर्ब रुपैयाँ, बालसुधार गृहको पूर्वाधार तथा व्यवस्थापनका लागि ३१ करोड रुपैयाँ, महिला, बालबालिका, लैङ्गिक तथा यौनिक अल्पसंख्यकतर्फ दुई अर्ब २७ करोड रुपैयाँ, रासायनिक मल खरिदका लागि ३२ अर्ब ४६ करोड रुपैयाँ, राष्ट्रिय कृषि आधुनिकीकरण कार्यक्रमका लागि दुई अर्ब सात करोड रुपैयाँ, प्राङ्गारिक मल र हरियो मल प्रवद्र्धन गर्न ३६ करोड रुपैयाँ, कृषि बिमाको प्रिमियम अनुदान सहुलियत दुई अर्ब १९ करोड रुपैयाँ, खोरेतलगायत रोग नियन्त्रण गर्न २४ करोड रुपैयाँ, कृषि तथा पशुपन्छी विकासका लागि ४६ अर्ब ९२ करोड रुपैयाँ उल्लेख छ ।

चुरे तथा तराई–मधेश क्षेत्रान पानीका स्रोत संरक्षण तथा पोखरी निर्माणका लागि एक अर्ब रुपैयाँ, वन, वातावरण तथा जलवायु क्षेत्रका लागि १२ अर्ब ३१ करोड रुपैयाँ, बृहत् लुम्बिनी विकास कार्यक्रमका लागि ८३ करोड रुपैयाँ, त्रिभुवन अन्तरराष्ट्रिय विमानस्थलको स्तरोन्नतिका लागि एक अर्ब ५३ करोड रुपैयाँ, संस्कृति तथा पर्यटन क्षेत्रका लागि सात अर्ब ३४ करोड रुपैयाँ र नागरिक उड्डयन क्षेत्रका लागि दुई अर्ब ९३ करोड रुपैयाँ, श्रम तथा रोजगार क्षेत्रमा तीन अर्ब ६३ करोड रुपैयाँ, विद्युतीय वा बायो ब्रिकेटमा आ धारित बोइलरमा रुपान्तरण गर्न २२ करोड रुपैयाँ, औद्योगिक पूर्वाधार विकासका लागि ६५ करोड रुपैयाँ, औद्योगिक क्षेत्रसम्मको सहज पहुँचका लागि ५० करोड रुपैयाँ, उत्पादनमा आधारित प्रोत्साहन कार्यक्रमका लागि एक अर्ब १८ करोड रुपैयाँ, उद्योग, वाणिज्य तथा आपूर्ति क्षेत्रका लागि आठ अर्ब ३१ करोड रुपैयाँ, विज्ञान, प्रविधि र नवप्रवर्तनका लागि चार अर्ब रुपैयाँ र नेपाल इन्टरप्राइज फसिलिटीका लागि ५० करोड रुपैयाँ र नेपाली सेनाका जवानहरुको आवास स्तरोन्नति कार्यक्रमलाई दुई अर्ब रुपैयाँ विनियोजन भएको छ ।

# 'आर्सेनिकमुक्त तराई अभियान' सञ्चालन गरिने



**काठमाडौँ ।**
सरकारले आगामी आर्थिक वर्षदेखि 'आर्सेनिकमुक्त तराई अभियान' सञ्चालन गरिने लक्ष्य राखेको छ ।

सङ्घीय संसद्को संयुक्त बैठकमा आगामी आवको बजेट प्रस्तुत गर्दै अर्थमन्त्री डा. स्वर्णिम वाग्लेले आगामी वर्षदेखि तराई–मधेश क्षेत्रमा सुक्खायाममा हुने खानेपानीको चरम अभावलाई दिगो रूपमा समाधान गर्न समुदायस्तरमा डिपबोरिङसहितको खानेपानी प्रणाली विकास र 'आर्सेनिकमुक्त तराई अभियान' सञ्चालन गरिने जानकारी दिए ।

उनका अनुसार तराई–मधेशमा अधुरा रहेका २८० वटा खानेपानी आयोजना सम्पन्न गर्न दुई अर्ब ५० करोड रुपैयाँ विनियोजन गरिएको छ ।

'आगामी आर्थिक वर्ष याङ्ग्री र लार्केखोलाबाट मेलम्चीमा पानी स्थानान्तरणका लागि अध्ययन सम्पन्न गरिनेछ । कीर्तिपुर, मध्यपुरथिमि, जोरपाटी, पेप्सीकोला, नागार्जुन तथा महालक्ष्मीलगायत क्षेत्रमा पाइप सञ्जाल विस्तारको कार्य सुरु गरिनेछ,' उनले भने, 'यस योजनाका लागि रु सात अर्ब २६ करोड विनियोजन गरिएको छ ।'

मधेश प्रदेश प्रकाशन समूहद्वारा प्रकाशित तथा मुद्रित, सम्पर्कः वीरगंज महानगरपालिका–१३, पर्सा, मोबाइल नं.–९८५५०२१२८१, कार्यालयः जनकपुरधाम–२, भानुचोक, किशोरी नगर, फोन नं.–०४१–५९०२८९, E-mail: madheshdristi@gmail.com, अध्यक्षः ध्रुव साह, सम्पादकः रामकुमार एलन